धितोपत्र सम्बन्धी ऐन २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

# मेगा म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

# मेगा म्युचुअल फण्ड-१

## (Mega Mutual Fund-1)

को

# विवरण पुस्तिका

**(सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को व्यवस्था बमोजिम जारी गरिएको)**

प्रति इकाई मूल्य रु.१०/– दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल विक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रबर्द्धक श्री मेगा बैंक नेपाल लिमिटेडका लागि सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा विक्रीका लागि खुल्ला गरिनेछ।

| | |
|---|---|
| योजना व्यवस्थापकले प्राप्त गरेको रेटिङ्गः | मिति २०७८/०१/०७ मा ईक्रा नेपाल लिमिटेडबाट "[ICRANP] AMC Quality 3 (AMC3)" provide Adequate assurance on management quality प्राप्त भएको र उक्त रेटिङ्ग मिति २०७९/०१/०६ सम्म बहाल रहने। |
| कोष प्रवर्द्धकले प्राप्त गरेको रेटिङ्गः | मिति २०७७/०५/०५ मा ईक्रा नेपाल लिमिटेडबाट "[ICRANP-IR] BBB+'' (pronounced ICRA NP issuer rating triple B plus) moderate degree of safety regarding the timely servicing of financial obligations प्राप्त भएको र उक्त रेटिङ्ग मिति २०७८/०५/०४ सम्म बहाल रहने। |
| योजनाको किसिमः | बन्दमुखी। |
| योजनाको अवधिः | १० वर्ष। |
| योजना परिपक्व हुनेः | इकाई बाँडफाँट भएको मितिले १० वर्ष |
| नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मितिः | २०७८/०४/२८ गते। |
| इकाई विक्री खुल्ला हुने मितिः | २०७८/०५/०४ गते। |
| इकाई विक्री बन्द हुने मिति (छिटोमा): | २०७८/०५/१० गते (बैंकिङ्ग समय पश्चात्)। |
| इकाई विक्री बन्द हुने मिति (ढिलोमा): | २०७८/०५/१८ गते (बैंकिङ्ग समय पश्चात्)। |
| आवेदन दिनु पर्ने न्यूनतम इकाई संख्याः | १०० (एक सय) (प्रति इकाई मूल्य रु.१०/- का दरले रु १,०००/-) |
| आवेदन दिन पाउने अधिकतम इकाई संख्याः | १,००,००,००० (एक करोड) (प्रति इकाई मूल्य रु.१०/– का दरले रु १०,००,००,०००/-) |
| आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकमः | शत् प्रतिशत |

पुनश्च : विक्री आव्हान गरिएको सम्पूर्ण इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भए पछि सूचना प्रकाशित गरी इकाई विक्री बन्द गरिनेछ।

**कोष प्रवर्द्धक**

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**
राईजिङ्ग मल, कमलादी काठमाण्डौ । फोनः ०१ ४१६९२१७
इमेल : info@megabank.com.np
वेबसाइट : www.megabank.com.np

**योजना व्यवस्थापक** (निष्काशन तथा विक्री प्रबन्धकको कार्य समेत गर्ने)

MEGA CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड

**मेगा क्यापिटल मार्केट्स लिमिटेड**
(A Wholly Owned Subsdiary of Mega Bank Nepal Limited)
साकेत कम्प्लेक्स त्रिपुरेश्वर, काठमाण्डौं । फोन : ०१ ५३६२७९०
इमेल : info@megacapitalmarkets.com
वेबसाइटः www.megacapitalmarkets.com

## कोष सुपरिवेक्षकहरुको विवरण :

**१. डा. विश्वम्भर प्याकुर्‍याल - विद्यावारिधि, अर्थशास्त्र**

त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्र विषयको प्राध्यापकको रुपमा ४ दशकको कार्य अनुभव, श्रीलंका तथा माल्दिभसको राजदूतको कार्य अनुभव साथै नेपाल औद्योगिक विकास संस्थानको अध्यक्षमा, नेपाल राष्ट्र बैंकको सञ्चालक समितिमा, महालेखापरीक्षकको कार्यालयको सहल्लाहकार समितिमा समेत कार्य गरेको। ठेगाना : ललितपुर महानगरपालिका वडा नं. ३, सानेपा।

**२. डा. भरत बहादुर कार्की - विद्यावारिधि, व्यापार कानुन**

कानून प्राध्यापन तथा कानून व्यवसायमा निरन्तर ३६ वर्षको कार्य अनुभव तथा २०६६ देखि २०६७ सालसम्म नेपाल राज्यको महान्यायाधिवक्ताको पदमा बसी काम गरेको तथा २०६७ देखि २०७० सालसम्म सर्वोच्च अदालतको न्यायाधीशको पदमा कार्य गरेको।
ठेगाना : का.म.पा.वडा नं. १४, बल्खु , काठमाडौँ ।

**३. श्री युवराज पाण्डे - एम.ए. अर्थशास्त्र**

निजामती सेवाको विशिष्ट श्रेणीको सचिव लगायत विभिन्न पदहरुमा २४ वर्ष भन्दा बढीको कार्य अनुभव जसमा नेपाल दुरसञ्चार संस्था, साझा यातायातको अध्यक्ष, योजना आयोग, श्रम तथा यातायात मन्त्रालयको सचिव तथा गरिवी निवारण कोषको उपाध्यक्ष समेतको कार्य अनुभव पर्दछ।
ठेगाना : चन्द्रागिरी नगरपालिका, वडा नं. ६, मच्छेगाउँ, टौखेल, नयाँबस्ती।

**४. श्री अनल राज भट्टराई - चार्टर्ड एकाउन्टेन्ट**

विगत ३० वर्ष देखि लेखापरीक्षण, बैंकिङ्ग तथा परामर्शकर्ताको रुपमा कार्यरत। सानिमा बैंक लिमिटेड तथा कमर्ज एण्ड ट्रष्ट बैंक नेपाल लिमिटेडको कार्यकारी प्रमुख र क्लिन इनर्जी डेभलपमेण्ट बैंक लिमिटेडको महाप्रबन्धकको कार्य अनुभव। ठेगाना : का.म.पा. वडा नं. १०, बानेश्वर, काठमाण्डौ ।

**५. श्रीमती सरिता भट्ट अधिकारी - एमबिए**

कार्यकारी निर्देशक समेत गरी नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षण, विनिमय विभाग तथा वित्त व्यवस्थापन विभागको गरी ३० वर्षको कार्य अनुभव। ठेगाना : का.म.पा.वडा नं. ३१, मिनभवन।

**यस विवरण पुस्तिकाले योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन। कृपया लगानी गर्नु भन्दा अगाडि विवरण पुस्तिका राम्रोसँग पढ्नु होला।**

## २.१. विषय सूची

| क.सं. | विषय | पृष्ठ |
|---|---|---|
| २.२ | विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा | ३ |
| २.३ | विवरण पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु | ३ |
| २.४ | विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा | ३ |
| **३** | **उद्घोषण** | **४** |
| ३.१ | नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण | ४ |
| ३.२ | कोष प्रबर्द्धकको उद्घोषण | ४ |
| ३.३ | योजना व्यवस्थापकको उद्घोषण | ४ |
| ३.४ | कोष सुपरिवेक्षकको उद्घोषण | ४ |
| **४** | **योजना सम्बन्धी संक्षिप्त जानकारी** | **४-५** |
| **५** | **कोष प्रवर्द्धक सम्बन्धी जानकारी** | **५-१३** |
| ५.१ | कोष प्रवर्द्धकको नाम | ५ |
| ५.२ | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ५ |
| ५.३ | कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण | ५ |
| ५.४ | कोष प्रवर्द्धकको संक्षिप्त इतिहास | ६ |
| ५.५ | कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु | ६ |
| ५.६ | कोष प्रवर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर)र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण | ६ |
| **६** | **योजना व्यवस्थापक सम्बन्धी विवरण** | **१३-२१** |
| ६.१ | योजना व्यवस्थापकको परिचय | १३ |
| ६.२ | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १४ |
| ६.३ | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था | १४ |
| ६.४ | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी | १४ |
| ६.५ | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी | १५ |
| ६.६ | योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी | १६ |
| ६.७ | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण | १७ |
| ६.८ | योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था | २१ |
| ६.९ | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | २१ |
| ६.१० | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण | २१ |
| ६.११ | यो योजना भन्दा अगाडीको योजनाको खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यू) सम्बन्धी विवरण | २१ |
| ६.१२ | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग संकेत | २१ |
| **७** | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धी विवरण** | **२१-२३** |
| ७.१ | कोष सुपरिवेक्षको नाम, ठेगाना, उमेर तथा योग्यता | २१ |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायीक अनुभव, मुख्य पेशा, व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी | २१ |
| ७.३ | योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | २२ |
| ७.४ | कोष प्रवर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु | २२ |
| **८** | **योजना सम्बन्धी जानकारी** | **२३-३२** |
| ८.१ | योजना सम्बन्धी विवरण | २३ |
| ८.२ | योजनाको उद्देश्य | २३ |
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | २३ |
| ८.४ | योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण | २४ |
| ८.५ | योजनाको खर्च सम्बन्धी विवरण | २८ |
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २९ |
| ८.७ | लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था | २९ |
| ८.८ | योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया | २९ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था | २९ |
| ८.१० | योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | २९ |
| **९** | **इकाई निष्काशन सम्बन्धी विवरण** | **३२-३४** |
| ९.१ | इकाई विक्री खुला गरिने मिति तथा अवधि | ३२ |
| ९.२ | निवेदन सङ्कलन केन्द्र (विक्री केन्द्र) सम्बन्धी जानकारी | ३३ |
| ९.३ | निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | ३३ |
| ९.४ | खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या | ३३ |
| ९.५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था | ३३ |
| ९.६ | निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु | ३३ |
| **१०** | **इकाई धनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा** | **३४** |
| **११** | **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** | **३४** |
| **१२** | **योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) को प्रति** | **३५** |
| **१३** | **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन् सो मा फरक परेमा हामी सञ्चालकहरु जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत** | **३६** |
| **१४** | **लेखापरीक्षकद्वारा प्रक्षेपित वित्तीय विवरणको प्रमाणिकरण** | **३७** |

## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।

(घ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ङ) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नुअघि योजनाको सम्बन्धमा जानकारी प्रदान गर्ने प्रयोजनका लागि सामुहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्दछ ।

(च) "संकलन केन्द्र" भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा विक्रीका लागि आवेदन फाराम बुझ्ने तथा इकाई बाँडफाँट पूर्जा र इकाई धनी प्रमाणपत्र वितरणका लागि योजना व्यवस्थापक कम्पनीले तोकेको संस्था सम्झनु पर्दछ ।

(छ) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा विक्रीबाट संकलन हुन आएको रकम संकलन केन्द्रबाट तत्काल सुरक्षित तवरले राख्नका लागि खाता खोली व्यवस्था गरिएको बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

(ज) "इकाई" भन्नाले योजना अर्न्तगत निष्काशन गरिने धितोपत्र को इकाई सम्झनु पर्दछ ।

(झ) "कोष प्रवर्द्धक" भन्नाले बोर्डमा सामूहिक लगानी कोष नियमावली बमोजिम मेगा म्युचुअल फण्ड दर्ता गराउने मेगा बैंक नेपाल लिमिटेडलाई सम्झनु पर्दछ ।

(ञ) "योजना" भन्नाले नियमावलीको नियम २४ बमोजिम बोर्डबाट स्वीकृती प्राप्त योजना (Scheme) सम्झनु पर्दछ ।

(ट) "योजना व्यवस्थापक" भन्नाले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई सम्झनु पर्दछ ।

(ठ) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्था बमोजिम मेगा म्युचुअल फण्डको सुपरिवेक्षण कार्यका लागि मेगा बैंक नेपाल लिमिटेडबाट नियुक्त तथा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त व्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ ।

(ड) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाई धनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने इकाई धनीहरुलाई लाभांश वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई सम्झनु पर्दछ ।

(ढ) "नियमन निकाय / नियामक निकाय" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ण) "खुद सम्पत्ती मूल्य" भन्नाले योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको कुल सम्पत्ति र सोमा प्राप्त गर्नुपर्ने प्रतिफल तथा अन्य आय जोडी दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा विविध खर्च कट्टा गरी आउने कुल सम्पत्ति मूल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ ।

## २.३ विवरण पुस्तिका तथा दरखास्त बुझाउने स्थानहरु :

### (क) विवरण पुस्तिका प्राप्त गर्ने स्थान :

| सि. नं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १ | मेगा क्यापिटल मार्केट्स लिमिटेड, साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं । |
| २ | मेगा बैंक नेपाल लिमिटेड, राईजिङ्ग मल कमलादी, काठमाडौं |

साथै विवरण पुस्तिका मेगा क्यापिटल मार्केट्स लिमिटेडको वेबसाईट www.megacapitalmarkets.com, कोष प्रबर्द्धकको वेबसाईट www.megabank.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाईट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।

### (ख) दरखास्त बुझाउने स्थानहरु :

| सि. नं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## २.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भएतापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भए पश्चात् निष्काशन खुल्ला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सोको सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

## ३ . उद्घोषण :

### ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लेखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### ३.२ कोष प्रवर्द्धकको उद्घोषण :

प्रचलित कानून वमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ । योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालक मार्फत योजनाको व्यवसायीक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश गरिएका विवरण सत्य तथ्य रहेका छन् । साथै कोष प्रवर्द्धकले यस योजनाले विकी गर्ने कुल इकाई रकमको न्यूनतम १५ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ ।

### ३.३ योजना व्यवस्थापकको उद्घोषण :

यो विवरण पुस्तिकामा योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ । यस विवरण पुस्तिकामा उल्लेख गरिएको विवरणहरु सत्य तथ्ययुक्त रहेको प्रति यस विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामुहिक रुपमा जवाफदेहिता वहन गर्दछौं । यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ । लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

### ३.४ कोष सुपरिवेक्षकको उद्घोषण :

यस विवरण पुस्तिकामा समावेश भएका विषयहरु हामीलाई योजना व्यवस्थापकबाट उपलब्ध गराईएका विवरणको आधारमा अध्ययन गर्दा यसमा समावेश गरिएका वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदि सम्बन्धी विवरण तथा जानकारीहरु सत्य तथ्यपरक रहेका छन् र सोही बमोजिम विवरण पुस्तिकाको स्वीकृतिका लागि पठाउन सहमति दिइएको छ । यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरुले लगानीकर्ताहरुलाई योजनाको इकाईमा लगानीको लागि सु-सूचित भई निर्णयमा पुग्न सहयोग हुने हाम्रो विश्वास रहेको छ ।

## ४. योजना सम्बन्धी संक्षिप्त जानकारी :

| | | | |
|---|---|---|---|
| १ | क | योजनाको नाम | **मेगा म्युचुअल फण्ड - १ (Mega Mutual Fund – 1)** |
| | ख | योजनाको आकार | रु. १,००,००,००,०००।- (रु. एक अर्व) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-ended) |
| २ | क | निष्काशन गर्न लागिएको इकाई संख्या | १०,००,००,००० (दश करोड) |
| | ख | प्रति इकाई मूल्य | रु. १०।- (अक्षेरेपी दश रुपैंया मात्र) |
| | ग | न्यूनतम विकी हुनुपर्ने इकाई संख्या | ५,००,००,००० (पाँच करोड) |
| | घ | अधिकतम सकारिने इकाई संख्या | १२,५०,००,००० (बाह्र करोड पचास लाख) |
| | ङ | योजनाको अवधि | १० वर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँट भएको मितिले १० वर्ष (उक्त अवधि पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाई धनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिने) । |
| | छ | योजना विकी खुल्ला हुने मिति | २०७८/०५/०४ गते । |
| | ज | योजना विकी बन्द हुने मिति (छिटोमा)<br>योजना विकी बन्द हुने मिति (ढिलोमा) | २०७८/०५/१० गते (बैंकिङ्ग समय पश्चात्) ।<br>२०७८/०५/१८ गते (बैंकिङ्ग समय पश्चात्) । |
| | झ | इकाई विकी केन्द्रहरु | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) तथा सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु । |
| | ञ | खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० (एक सय) |
| | ट | खरिद गर्न सकिने अधिकतम इकाई संख्या | १,००,००,००० (एक करोड इकाई ) |
| | ठ | इकाई विकी तथा बाँडफाँट सम्बन्धी व्यवस्था | इकाई विकीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने छ । |
| | ड | सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गरी कारोवार हुने व्यवस्था गरिने छ । |
| ३ | | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) पुन : लगानी गरिने छ । |

| | | | |
|---|---|---|---|
| ४ | | इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधिनमा रही नेपाली नागरिक, गैरआवासीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछ । |
| ५ | | योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति | मेगा क्यापिटल मार्केट्स लिमिटेड<br>साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौ ।<br>कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको<br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७४।०६।२७, दर्ता नं. १७६५०२/०७४/०७५<br>नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मितिः २०७५।१२।१८ र नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपाजिटरीको अनुमति प्राप्त मिति २०७८।०१।०२ |
| ६ | | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | सि एस सि एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट, माहामती भवन, गैरीधारा मार्ग काठमाडौं । |
| ७ | | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | डि एण्ड डि एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट, केन्द्रिय कार्यालय हेटौंडा ४, मकवानपूर र शाखा कार्यालय ज्ञानेश्वर, काठमाण्डौ । |
| ८ | | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १. डा.विश्वम्भर प्याकुर्‍याल ल.म.पा वडा नं. ३, सानेपा ।<br>२. डा. भरत बहादुर कार्की, का.म.पा.वडा नं. १४, बल्खु , काठमाडौं ।<br>३. श्री युवराज पाण्डे, च.न.पा. वडा नं. ६, मच्छेगाउँ, टौखेल, नयाँबस्ती ।<br>४. श्री अनल राज भट्टराई, का.म.पा. वडा नं. १०, बानेश्वर, काठमाडौं ।<br>५. श्रीमती सरिता भट्ट अधिकारी, का.म.न.पा.वडा नं. ३१, मिनभवन, काठमाडौं । |
| ९ | | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | रेटिङ्ग कम्पनी : श्री ईक्रा नेपाल लिमिटेड, काठमाडौं ।<br>योजना व्यवस्थापकको रेटिङ्ग : "[ICRANP] AMC Quality 3 (AMC3)" रेटिङ्ग मिति २०७८/०१/०७ मा प्राप्त गरी मिति २०७९/०१/०६ सम्म बहाल रहने र उक्त रेटिङ्गले Adequate assurance on management quality (व्यवस्थापन गुणस्तरमा पर्याप्त आश्वासन)भन्ने आधार जनाउदछ ।<br>कोष प्रबर्द्धकको रेटिङ्ग : "[ICRANP - IR] BBB+" रेटिङ्ग मिति २०७७/०५/०५ मा प्राप्त गरी मिति २०७८/०५/०४ सम्म बहाल रहने र उक्त रेटिङ्गले moderate degree of safety regarding the timely servicing of financial obligations भन्ने आधार जनाउँदछ । |
| १० | | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रहि इकाई विक्रीवाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी गरिनेछ ।<br>१. वोर्डमा दर्ता भएका धितोपत्रहरु ।<br>२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।<br>३. धितोपत्र विनिमय वजारमा सुचिकृत धितोपत्र ।<br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु ।<br>५. बैंक निक्षेप ।<br>६. मुद्रा बजार उपकरण ।<br>७. धितोपत्र बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ११ | | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर काठमाण्डौले योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य आफैले गर्ने । |
| १२ | | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे वमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको वुंदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ । |

## ५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

### ५.१ कोष प्रवर्द्धकको नाम :

श्री मेगा बैंक नेपाल लिमिटेड ।

### ५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :

योजना व्यवस्थापक कम्पनीमा कोष प्रवर्द्धक श्री मेगा बैंक नेपाल लिमिटेडको पूर्ण स्वामित्व रहेको छ ।

### ५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :

प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार कारोवार गर्न इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंक ।

**५.४ कोष प्रवर्द्धकको संक्षिप्त इतिहास :**

मेगा बैंक नेपाल लिमिटेड प्रचलित कम्पनी कानून वमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय मिति २०६७।०१।०५ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६७/०४/०४ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी बैंकले २०६७/०४/०७ गते देखि आफ्नो वित्तीय कारोवार गर्दै आएको छ । हलो देखि हाइड्रोसम्म मुल नारा राखी सबै आर्थिक वर्गका जनमानसलाई बैंकिङ्ग सेवा प्रदान गर्ने लक्ष्य राखेको छ । पश्चिमाञ्चल विकास बैंक, टुरिजम डेभलपमेण्ट बैंक, गण्डकी विकास बैंकलाई प्राप्ती / मर्ज गरी हाल १७८ वटा शाखा, ३३ एक्सटेन्सन काउन्टर, १३७ वटा एटिएम मार्फत नेपाल भर सेवा प्रदान गर्दै आइरहेको छ । यस बैंकमा ५१% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ४९% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ । मेगा बैंक नेपाल लिमिटेडको क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालको लागि स्वीकृति प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी ईक्रा नेपाल लिमिटेडबाट क्रेडिट रेटिङ्ग भई "[ICRANP-IR] BBB+" "Moderate degree of safety regarding the timely servicing of financial obligations" रेटिङ्ग प्राप्त गरेको छ ।

**५.५ कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :**

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग / वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूंजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बैंकिङ्ग वा वित्तीय सेवामा जोखिम कम गर्दै यस क्षेत्रको उदारीकरणमा मद्धत पुऱ्याउने, र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**५.६ कोष प्रवर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :**

मेगा बैंक नेपाल लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीनवर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

*रकम रु.मा*

| विवरण | वास्तविक (समूह) | | |
|---|---|---|---|
| | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ६,६०४,२३६,३८१ | ८,११०,६४८,१४४ | १८,७४३,४२८,१०५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ५,३४९,३९५,११८ | २,९६४,९७१,२७० | ३,५९९,९४८,११४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | ८८३,६०७,४९७ | ८६९,३६९,७१९ | २२१,२०३,९८२ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | १५०,३९६,०८१ | ८३,६९७,५०१ | ७७,११७,५८३ |
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - | १४,६९९,७६७ |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | १,५९१,७८७,०१९ | २,६७७,४९३,६३० | ३,३३३,६८३,५१८ |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | ५५,७०४,२२७,३४५ | ६९,८५९,०८७,००२ | ११०,४९३,३४१,१६१ |
| धितोपत्रमा गरेको लगानी | ७,०५५,१७२,५५२ | ११,४९६,०८२,३४३ | १५,४६६,८९४,७४० |
| चालू कर सम्पत्ति | २२,०६३,५१७ | ५१,७११,८६७ | ३२५,४८४,४९५ |
| सहायक कम्पनीमा लगानी | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | १३,६५२,९९४ | १६,२१३,६३८ | ४४,९४०,६१८ |
| सम्पत्तिमा लगानी | २४३,९३८,०५१ | २०१,४८२,९०६ | २१९,८९७,३१५ |
| सम्पत्ति र उपकरण | ६७३,१३५,०५८ | ७४६,६७०,९७८ | १,६००,९३८,११३ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | २५,९५१,८३२ | ५४,४१६,५८० | २७७,१२१,१०२ |
| स्थगन कर सम्पत्ति | - | ७७,८४६,८८८ | ४१,६३३,८२३ |
| अन्य सम्पत्ति | ४०१,६२६,३६५ | ५२८,८३२,८९५ | ९९८,७२९,१४३ |
| **कूल सम्पत्ति** | **७८,७१९,१८९,८११** | **९७,७३८,५२५,३६१** | **१५५,४५९,०६१,५८०** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ३,४२२,७११,९६० | ३,८५८,०३८,११७ | ४,२१४,९३४,७७० |

| | | | |
|---|---|---|---|
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ६०३,५७०,०७४ | ७३१,८०२,९८९ | ६१४,५३४,६३१ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | १२४,०००,५४६ | - | - |
| ग्राहकको निक्षेप दायित्व | ६०,८६३,१७२,४०६ | ७८,६२०,३८७,७५३ | १२७,८७८,७२५,७०३ |
| सापटी | - | - | २,४४०,२७१,०२९ |
| चालू कर दायित्व | - | - | - |
| व्यवस्था रकमहरु | - | - | - |
| स्थगन कर दायित्व | ७३,५१६,३३५ | - | - |
| अन्य दायित्वहरु | ९९७,५२४,३३८ | १,००८,५२९,७५३ | २,२७५,०४१,५६९ |
| जारी गरिएको ऋणपत्र | - | - | - |
| असुरक्षित सहायक आवधीक दायित्व | - | - | - |
| **कूल दायित्व** | **६६,०८४,४९५,६५८** | **८४,२१८,७५८,६१२** | **१३७,४२३,५०७,७०२** |
| **पूँजी** | | | |
| शेयर पूँजी | १०,२८५,५२६,५७८ | १०,३८८,६२१,४५४ | १३,१३८,६२१,४५३ |
| शेयर प्रिमियम | २,५६३,८८१ | | २३५,७४६,६१९ |
| सञ्चित मुनाफा | ७०९,१२९,५०५ | १,२२९,७३५,९१९ | १,७३३,५५८,६७२ |
| जगेडा | १,६३७,४७४,१९० | १,९०१,४०९,३७६ | २,९२७,६२७,१३४ |
| **शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल इक्विट** | **१२,६३४,६९४,१५३** | **१३,५१९,७६६,७४८** | **१८,०३५,५५३,८७७** |
| **गैर नियन्त्रित स्वार्थ** | - | - | - |
| **जम्मा पूँजी** | **१२,६३४,६९४,१५३** | **१३,५१९,७६६,७४८** | **१८,०३५,५५३,८७७** |
| **जम्मा दायित्व र पूँजी** | **७८,७१९,१८९,८११** | **९७,७३८,५२५,३६१** | **१५५,४५९,०६१,५८०** |

## नाफा-नोक्सान हिसाव विवरण

*रकम रु.मा*

| विवरण | वास्तविक (समूह) | | |
|---|---|---|---|
| | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
| व्याज आम्दानी | ६,०२२,१४४,८०३ | ९,३७५,६९४,३३९ | १०,४०५,१९१,३०१ |
| व्याज खर्च | ३,६४७,०७१,११४ | ५,५६०,०२९,०४९ | ६,२१०,७१८,३८० |
| **खुद व्याज आम्दानी** | **२,३७५,०७३,६८९** | **३,८१५,६६५,२९१** | **४,१९४,४७२,९२०** |
| शुल्क तथा कमिशन आम्दानी | ३२०,२६८,५९५ | ५३१,१५२,१७२ | ५२६,१६६,९६२ |
| शुल्क तथा कमिशन खर्च | २४,५५०,१७८ | ४६,४९४,२७२ | ५१,४३१,८८९ |
| **खुद शुल्क र कमिशन आम्दानी** | **२९५,७१८,४१७** | **४८४,६५७,९००** | **४७४,७३५,०७३** |
| **खूद व्याज, शुल्क र कमिशन आम्दानी** | **२,६७०,७९२,१०५** | **४,३००,३२३,१९१** | **४,६६९,२०७,९९४** |
| खूद व्यापारिक आम्दानी | १५२,०९५,७६५ | २७७,९२४,७२३ | ३४२,४७६,१११ |
| अन्य सञ्चालन आम्दानी | ५२,०००,२६९ | १०२,६५६,६८६ | १६३,५१०,४९५ |
| **कूल सञ्चालन आम्दानी** | **२,८७४,८८८,१३८** | **४,६८०,९०४,६००** | **५,१७५,१९४,६००** |
| कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता | १२,४१२,९२३ | ४२६,६२०,६४३ | ८०६,४३९,०४२ |
| **खूद सञ्चालन आम्दानी** | **२,८६२,४७५,२१५** | **४,२५४,२८३,९५६** | **४,३६८,७५५,५५७** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ६९९,५१२,७३५ | १,१५९,४२७,८३४ | १,२६९,९९५,६०० |
| अन्य सञ्चालन खर्च | ३७१,००८,२४७ | ६३५,७०२,२७२ | ६९८,६८०,४१० |
| ह्रासकट्टी र परिशोधन | ७९,२४३,२७७ | ११७,४६४,७३९ | १४६,९६१,८८१ |
| **सञ्चालन मुनाफा** | **१,७१२,७१०,९५७** | **२,३४१,६८९,१११** | **२,२५३,११७,६६६** |
| गैर सञ्चालन आम्दानी | १४५,१९०,०२२ | १०,७१५,०२१ | २१,५०१,९५८ |
| गैर सञ्चालन खर्च | १४,२५१,०२४ | १९,६६६,५६२ | ८,१५२,९०४ |
| **आयकर अघिको मुनाफा** | **१,८४३,६४९,९५५** | **२,३३२,७३७,५६९** | **२,२६६,४६६,७२०** |
| आयकर खर्च | ५२५,७९३,८८८ | ६९५,६८३,५२० | ६६३,९२५,१३३ |
| चालू कर खर्च | ४५४,१९९,३२३ | ७११,३७९,७९२ | ६७४,४२१,३८३ |
| स्थगन कर खर्च | ७१,५९४,५६५ | (१५,६९६,२७३) | (१०,४९६,२५०) |
| **यस अवधिको मुनाफा** | **१,३१७,८५६,०६७** | **१,६३७,०५४,०५०** | **१,६०२,५४१,५८६** |

## वितरण योग्य नाफा/नोक्सानको विवरण

*रकम रु.मा*

| विवरण | वास्तविक (बैंक) | | |
|---|---|---|---|
| | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
| **नाफा नोक्सान विवरण अनुसार खुद नाफा/नोक्सान** | **१,३१७,३५१,७७३** | **१,६२९,६८९,७८७** | **१,५८६,२१४,९२२** |
| **बाँडफाँड** | | | |
| साधारण जगेडा कोष | २६३,४७०,३५५ | ३२५,९३७,९५७ | ३१७,२४२,९८४ |
| सटही घटबड कोष | - | - | ७,४२३,६९० |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | १३,१७३,५१८ | १६,२९६,८९८ | १५,८६२,१४९ |

| | | | |
|---|---|---|---|
| कर्मचारी दक्षता अभिवृद्धि कोष | - | - | - |
| अन्य | - | - | - |
| लगानी समायोजन कोष | ११,०५७,४९५ | (९,३७३,०२३) | – |
| **नियामकको समायोजन अघिको नाफा/नोक्सान** | **१,०२९,६५०,४०६** | **१,२९६,८२७,९५४** | **१,२४५,६८६,०९९** |
| **नियामकको समायोजन** | | | |
| ब्याज वक्यौता/अघिल्लो ब्याज वक्यौता प्राप्ति | (५६,१६०,८५७) | १०,६३४,३८६ | ४८१,७०५,५१८ |
| कर्जा जोखिम व्यवस्थामा थप/घट | - | - | - |
| लगानी जोखिम व्यवस्थामा थप/घट | (८४,२४४,०४७) | (४९,९९३,८२२) | १०८,१४४,८७५ |
| गैर वैंकिङ्ग सम्पत्तिको जोखिम व्यवस्थामा थप/घट | (१४५,५०८,३८०) | ४२,४५५,१४५ | १५६,७९४,५४५ |
| स्थगन कर सम्पत्ति थप/घट | - | (७८,१९३,५५९) | ७३,७२०,६३० |
| ख्यातिमा थप/घट | - | - | - |
| बार्गेन पर्चेज नाफामा थप/घट | (१४५,१३७,०२८) | - | - |
| वीमाङ्किक घाटामा थप/घट | (१२,९६६,५७५) | - | १५,१४०,४११ |
| अन्य थप/घट | ३,९२९,३८४ | (३,९२९,३८४) | - |
| अ) अन्य विस्तृत आम्दानमिा लेखाङ्कन गरीएको इक्विटीमा भएको लगानीको निसर्गमा भएको नाफा/नोक्सान | - | - | (६,१८५,३१७) |
| आ) साविक गण्डकी विकास बैंकबाट प्राप्त संचित नाफा/नोक्सान | - | - | (३६५,२६८,५४४) |
| **बाँड्न योग्य नाफा/नोक्सान** | **५८९,५६२,९०३** | **१,२१७,८००,७२१** | **१,७०९,७३८,२१६** |

## नगद प्रवाह विवरण

*रकम रु.मा*

| विवरण | वास्तविक (समूह) | | |
|---|---|---|---|
| | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
| कारोबार संचालनबाट नगद प्राप्त | | | |
| ब्याज आम्दानी | ५,६१२,१५२,४७२ | ९,३३८,०६६,५६४ | ९,७७३,५८४,६४१ |
| शुल्क तथा अन्य आम्दानी | ३२०,९३२,६४३ | ५३१,५२२,८४५ | ५२६,१६६,९६२ |
| लाभांश प्राप्ती | – | – | |
| अन्य सञ्चालन गतिविधिबाट प्राप्ती | १८९,२३३,५१६ | ३७३,९५३,०४३ | ४३०,९४७,८८१ |
| ब्याज भुक्तानी | (३,४६१,८९७,३७२) | (५,२५४,५७९,६५०) | (७,१९१,७२१,८५४) |
| कमिशन तथा शुल्क खर्च | (२४,५५०,१७८) | (४६,४९४,२७२) | (५१,४३१,८८९) |
| कर्मचारी खर्च भुक्तानी | **(५७४,८४१,४९१)** | (१,०९५,२६१,३६३) | (१,२४९,१४७,५१८) |
| अन्य खर्च | (३६७,२२४,०३६) | (६३५,०८४,८४४) | (६९६,८९३,१८७) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **१,६९३,८०५,५५४** | **३,२१२,१२२,३२२** | **१,५४१,५०५,०३६** |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | (३,३६९,३३०,७०१) | २,३८३,३४३,९०२ | ४,७४४,७८४,३४३ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात तथा लगानी | (५३६,२९५,७६७) | १८९,६०७,९१७ | ६४८,१६५,७३६ |
| अन्य व्यापारिक सम्पत्ति | – | – | १४,६९९,७६७ |
| ख्याती (गुडवील) र अमुर्त सम्पत्ति | (८३८,२६९,२७५) | (१,०९४,४१०,६०६) | (२९९,२४७,५४१) |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (८,९३३,९६४,८८५) | (१४,८२०,५२१,८४५) | (१३,०१४,३६३,२५४) |
| अन्य सम्पत्ति | १,९३९,७७९,५४२ | (१,०३४,३५९,९०३) | (३२६,७४८,५८९) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा वृद्धि/(कमी)** | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी कर्जा/सापटी | ३,४२२,५७७,२०० | ४३५,४६०,९१७ | (८१३,७८४,८२६) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ५९५,७४७,४४७ | १२५,५८५,०६३ | (१२०,१६६,७३८) |
| ग्राहकको निक्षेप दायित्व | ८,६३८,५६९,४५६ | १७,४२७,८४६,७९२ | १५,१७४,३५८,४९५ |
| सापटी | – | – | २,४४०,२७१,०२९ |
| अन्य दायित्व | (१,४७८,८७६,८५८) | ६४७,०८२,६६५ | २०७,१२३,९२८ |
| **कारोबार सञ्चालनबाट आयकर अघिको खूद नगद प्रवाह** | **१,१३३,७४१,७११** | **७,४७१,७५७,२२४** | **१०,१९६,५९७,३८५** |
| आयकर भुक्तानी | (४१७,३८१,३०४) | (७९४,५६६,६६२) | (८४६,५११,०५५) |
| **कारोबार सञ्चालनबाट भएको खूद नगद प्रवाह** | **७१६,३६०,४०७** | **६,६७७,१९०,५६२** | **९,३५०,०८६,३३०** |
| **लगानी कारोबारमा नगद प्रवाह** | | | |
| धितोपत्र लगानी खरिद | (२,९७९,११५,९३१) | (४,४६६,०४१,५३९) | (२,१७८,४८२,२३३) |
| धितोपत्र लगानीको बिक्रीबाट प्राप्ती | – | – | १४,९२६,८६६ |
| सम्पत्ति र उपकरणको खरिद | (२२३,८२०,६९४) | (१८९,८२०,६९५) | (३९१,१४३,०५२) |
| सम्पत्ति र उपकरणको बिक्रीबाट प्राप्ती | ९,३७०,५८२ | ६,०३५,६६० | २१,७६६,४२९ |
| अमूर्त सम्पत्तिको खरिद | (१७,५३८,९३१) | (३६,७६६,३९६) | (२९,८१५,०४२) |
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती | – | – | – |
| लगानी सम्पत्तिको खरिद | – | – | – |
| लगानी सम्पत्तिको बिक्रीबाट प्राप्ती | २,२००,७०० | ४२,४५५,१४६ | – |

| | | | |
|---|---|---|---|
| ब्याज आम्दानी | २४७,८३९,४४० | १८५,३४३,४३३ | ५६६,९४५,४०५ |
| लाभांश आम्दानी | २०,१४८,१९९ | १९,२६८,११३ | १९,६२७,३६५ |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | **(२,९४०,९१६,६३४)** | **(४,४३९,५२६,२७८)** | **(१,९७६,१७४,२६१)** |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | - | - | - |
| ऋणपत्रको भुक्तानी | - | - | - |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | - | - | - |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | - | - | - |
| शेयर निष्काशनबाट प्राप्ती | २,९९४,४२९,५०० | - | - |
| लाभांश भुक्तानी | ८२८,३३५ | (५७३,३७८,६८८) | (१,१४१,८७७,०२८) |
| ब्याज भुक्तानी | (२११,७५८,६३८) | (१५३,३४७,२३९) | (११६,८२४,८४३) |
| अन्य आम्दानी/भुक्तानी | | | |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **२,७८३,४९९,१९७** | **(७२६,७२५,९२७)** | **(१,२५८,७०१,८७१)** |
| **नगद प्रवाहमा भएको खूद वृद्धि/(कमी)** | **५५८,९४२,९७०** | **१,५१०,९३८,३५६** | **६,११५,२१०,१९८** |
| मर्जरबाट प्राप्त भएको नगद तथा बैंक मौज्दात | २,३५७,२३५,६७८ | - | ४,४८७,८७५,००४ |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ३,६९४,१२४,६४९ | ६,६०४,२३६,३८१ | ८,११०,६४८,१४४ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/खर्च | (६,०६६,९१७) | (४,५२६,५९३) | २९,६९४,७५९ |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **६,६०४,२३६,३८१** | **८,११०,६४८,१४४** | **१८,७४३,४२८,१०५** |

**विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) निम्नानुसार छ।**

| विवरण | वास्तविक (समूह) | | |
|---|---|---|---|
| | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
| प्रति शेयर आम्दानी (EPS) | १७.७७ | १५.७६ | १५.३० |

**विगत तीन वर्षको प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम छ।**

| विवरण | वास्तविक (समूह) | | |
|---|---|---|---|
| | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
| चुक्ता पूँजी | १०,२८५,५२६,५७८ | १०,३८८,६२१,४५३ | १३,१३८,६२१,४५३ |
| शेयर प्रिमियम | २,५६३,८८१ | | २३५,७४६,६१९ |
| सञ्चित मुनाफा | ७०९,१२९,५०५ | १,२२९,७३५,९१९ | १,७३३,५५८,६७२ |
| जगेडा तथा कोषहरु | १,६३७,४७४,१९० | १,९०१,४०९,३७६ | २,९२७,६२७,१३४ |
| **जम्मा नेटवर्थ (रु.)** | **१२,६३४,६९४,१५३** | **१३,५१९,७६६,७४८** | **१८,०३५,५५३,८७७** |
| शेयर संख्या | १०२,८५५,२६६ | १०३,८८६,२१५ | १३,१३,८६,२१४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १२२.८४ | १३०.१४ | १३७.२७ |
| नेटवर्थमा औषत प्रतिफल (%) | १०.४३ | १२.०५ | ८.७९ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० |

**कोष प्रवर्द्धकको पछिल्लो त्रैमासको व्यवस्थापनबाट प्रमाणित भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, ( सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :**

मेगा बैंक नेपल लिमिटेडको पछिल्लो त्रैमासको व्यवस्थापनबाट प्रमाणित भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाह विवरण तथा प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

*रकम रु.मा*

| विवरण | अपरिष्कृत (समूह) |
|---|---|
| | आ. व. ०७७/७८ * |
| **सम्पत्ति** | |
| नगद तथा नगद समान | १८,११३,२४९,७३७ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ३,८२५,७९१,१२७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | १५८,६९३,९७६ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | १८,९०९,७८१ |
| अन्य व्यापारीक सम्पत्तिहरु | २६,६०१,३८३ |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | २,६४७,४२१,९३७ |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १३७,३१८,९०५,०२० |

| | |
|---|---|
| धितोपत्रमा गरेको लगानी | १४,९३७,०८५,४७७ |
| चालू कर सम्पत्ति | १७३,४२८,७९१ |
| सहायक कम्पनीमा लगानी | - |
| सम्बद्ध कम्पनीमा लगानी | - |
| सम्पत्तिमा लगानी | ११६,४६०,२५१ |
| सम्पत्ति र उपकरण | १,४६८,७७१,७७८ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | २८५,५७१,५४५ |
| स्थगन कर सम्पत्ति | २,१५६,३८३ |
| अन्य सम्पत्ति | २,२९१,२०३,०८० |
| **कूल सम्पत्ति** | **१८१,३८४,२५०,२६४** |
| **दायित्व** | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | १०,७००,५८४,३६६ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ३,८०२,२३७,५२८ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - |
| ग्राहकको निक्षेप दायित्व | १३६,८३३,३९५,२०० |
| सापटी | ७,१८५,८३५,३७८ |
| चालू कर दायित्व | - |
| व्यवस्था रकमहरु | - |
| स्थगन कर दायित्व | - |
| अन्य दायित्वहरु | २,५१९,३२४,२७८ |
| जारी गरिएको ऋणपत्र | - |
| असुरक्षित सहायक आवधीक दायित्व | - |
| **कूल दायित्व** | **१६१,०४१,३७६,७४९** |
| **पूँजी** | |
| शेयर पूँजी | १४,६५४,९६४,९५८ |
| शेयर प्रिमियम | ३०६,३७१,३७८ |
| सञ्चित मुनाफा | १,५४९,९२८,२८३ |
| जगेडा | ३,८३१,६०८,८९६ |
| **शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल इक्विट** | **२०,३४२,८७३,५१५** |
| **गैर नियन्त्रित स्वार्थ** | - |
| **जम्मा पूँजी** | **२०,३४२,८७३,५१५** |
| **जम्मा दायित्व र पूँजी** | **१८१,३८४,२५०,२६४** |

**नाफा-नोक्सान हिसाव विवरण**

*रकम रु.मा*

| विवरण | अपरिष्कृत (समूह) |
|---|---|
| | आ. व. ०७७/७८ * |
| व्याज आम्दानी | ३,५२९,९९४,१९३ |
| व्याज खर्च | १,८०७,२८७,८१९ |
| **खुद व्याज आम्दानी** | **१,७२२,७०६,३७५** |
| शुल्क तथा कमिशन आम्दानी | १५८,३२३,३७६ |
| शुल्क तथा कमिशन खर्च | २४,११२,६६९ |
| **खूद शुल्क र कमिशन आम्दानी** | **१३४,२१०,७०७** |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | **१,८५६,९१७,०८२** |
| खूद व्यापारिक आम्दानी | ९४,०४४,२१९ |
| अन्य सञ्चालन आम्दानी | ३०,५०४,५१९ |
| **कूल सञ्चालन आम्दानी** | **१,९८१,४६५,८२०** |
| कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता | ५६९,६०४,२२१ |
| **खूद सञ्चालन आम्दानी** | **१,४११,८६१,५९९** |

| | |
|---|---|
| **सञ्चालन खर्च** | |
| कर्मचारी खर्च | ५६३,३२७,१०० |
| अन्य सञ्चालन खर्च | २७३,२९१,६८३ |
| ह्रासकट्टी र परिशोधन | ५७,८०६,२८४ |
| **सञ्चालन मुनाफा** | **५१७,४३६,५३१** |
| गैर सञ्चालन आम्दानी | १५,९९६,२८४ |
| गैर सञ्चालन खर्च | ४२,७७५,५९६ |
| **आयकर अधिको मुनाफा** | **४९०,६५७,२१९** |
| आयकर खर्च | १५०,११५,६३१ |
| चालू कर खर्च | १९९,९६९,२७९ |
| स्थगन कर खर्च | (४९,८५३,६४९) |
| **यस अवधिको मुनाफा** | **३४०,५४१,५८८** |

**वितरण योग्य नाफा/नोक्सानको विवरण**

*रकम रु.मा*

| **विवरण** | **अपरिष्कृत (समूह)** |
|---|---|
| | **आ. व. ०७७/७८ *** |
| **नाफा नोक्सान विवरण अनुसार खुद नाफा/नोक्सान** | **२,३०२,५८६,२८७** |
| **बाँडफाँड** | |
| साधारण जगेडा कोष | ४६०,५१७,२५७ |
| सटही घटबड कोष | १,००७,३१२ |
| पूँजी फिर्ता जगेडा कोष | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | २३,०२५,८६३ |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | |
| अन्य | (१२,०००,०००) |
| लगानी समायोजन कोष | ४६०,५१७,२५७ |
| **नियामकको समायोजन अधिको नाफा/नोक्सान** | १,८३०,०३५,८५५ |
| **नियामकको समायोजन** | |
| **बाँड्न योग्य नाफा/नोक्सान** | **१,५१५,८४५,०८२** |

**नगद प्रवाह विवरण**

*रकम रु.मा*

| **विवरण** | **अपरिष्कृत (समूह)** |
|---|---|
| | **आ. व. ०७७/७८ *** |
| कारोबार संचालनबाट नगद प्राप्त | |
| व्याज आम्दानी | १२,६३७,९५७,४२२ |
| शुल्क तथा अन्य आम्दानी | ७२०,७३९,५७३ |
| लाभांश प्राप्ती | - |
| अन्य सञ्चालन गतिविधिबाट प्राप्ती | ४६६,४९६,०३३ |
| व्याज भुक्तानी | (७,२७४,१५९,४७९) |
| कमिशन तथा शुल्क खर्च | (८०,७५८,३७०) |
| कर्मचारी खर्च भुक्तानी | (१,७१६,८७२,३७३) |
| अन्य खर्च | (८८७,०१८,८५१) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अधिको सञ्चालन नगद प्रवाह** | **३,८६६,३८३,९५६** |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | (२२५,८४३,०१३) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात तथा लगानी | ६२,५१०,००६ |
| अन्य व्यापारिक सम्पत्ति | (११,९०१,६१६) |

| | |
|---|---|
| ख्याती (गुडवील) र अमुर्त सम्पत्ति | ६८३,७६८,१५० |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (२८,३६३,२८१,८१९) |
| अन्य सम्पत्ति | (१,२०३,४५८,९३९) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा वृद्धि/(कमी)** | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी कर्जा/सापटी | ६,४८५,६४९,५९६ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ३,१८७,७०२,८९७ |
| ग्राहकको निक्षेप दायित्व | ८,९५२,७५६,०२४ |
| सापटी | ४,७४५,५६४,३४९ |
| अन्य दायित्व | २८,८३५,६५१ |
| **कारोबार सञ्चालनबाट आयकर अघिको खूद नगद प्रवाह** | **(१,७९१,३१४,७६०)** |
| आयकर भुक्तानी | (८५५,१४०,९९९) |
| **कारोबार सञ्चालनबाट भएको खूद नगद प्रवाह** | **(२,६४६,४५५,७५९)** |
| **लगानी कारोबारमा नगद प्रवाह** | |
| धितोपत्र लगानी खरिद | १,१५७,५४९,६४० |
| धितोपत्र लगानीको विक्रीबाट प्राप्ती | ५७९,७००,३३४ |
| सम्पत्ति र उपकरणको खरिद | (१२६,५१४,१४३) |
| सम्पत्ति र उपकरणको विक्रीबाट प्राप्ती | १९,४२४,३७० |
| अमूर्त सम्पत्तिको खरिद | (२८,७४८,१६४) |
| अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ती | - |
| लगानी सम्पत्तिको खरिद | - |
| लगानी सम्पत्तिको विक्रीबाट प्राप्ती | १४७,५००,००० |
| ब्याज आम्दानी | ५७१,९०९,४८० |
| लाभांश आम्दानी | २९,२४६,२४४ |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | **२,३५०,०६७,७६१** |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | - |
| ऋणपत्रको भुक्तानी | - |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | - |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | - |
| शेयर निष्काशनबाट प्राप्ती | २८२,५९५,७६० |
| लाभांश भुक्तानी | (३९२,०१९,०८९) |
| ब्याज भुक्तानी | (२२८,३९६,२९०) |
| अन्य आम्दानी/भुक्तानी | - |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **(३३७,८१९,६१९)** |
| **नगद प्रवाहमा भएको खूद वृद्धि/(कमी)** | **(६३४,२०७,६१७)** |
| मर्जरबाट प्राप्त भएको नगद तथा बैंक मौज्दात | - |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | १८,७४३,४२८,१०५ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/खर्च | ४,०२९,२४८ |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **१८,११३,२४९,७३७** |

**विगत त्रैमासको प्रति शेयर आम्दानी (EPS) निम्नानुसार छ ।**

| विवरण | अपरिष्कृत (समूह) |
|---|---|
| | आ. व. ०७७/७८ * |
| प्रति शेयर आम्दानी (EPS) | १७.७७ |

**विगत त्रैमासको प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम छ।**

| विवरण | अपरिष्कृत (समूह) आ. व. ०७७/७८ * |
|---|---|
| चुक्ता पूँजी | १४,६५४,९६४,९५८ |
| शेयर प्रिमियम | ३०६,३७१,३७८ |
| सञ्चित मुनाफा | १,५४९,९२८,२८३ |
| जगेडा तथा कोषहरु | ३,८३१,६०८,८९६ |
| **जम्मा नेटवर्थ (रु.)** | **२०,३४२,८७३,५१५** |
| शेयर संख्या | १४६,५४९,६५० |
| प्रति शेयर नेटवर्थ (रु.) | १३८.८१ |
| नेटवर्थमा औषत प्रतिफल (%) | ११.४९ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० |

** आ.व. ०७७/७८ को चौथो त्रैमासको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरण*

**६ . योजना व्यवस्थापक सम्बन्धी विवरण :**

**६.१ योजना व्यवस्थापकको परिचय :**

**(क) योजना व्यवस्थापकको नाम :**

श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड ।

**(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :**

योजना व्यवस्थापक मेगा क्यापिटल मार्केट्स लिमिटेड कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७४/०६/२७ मा दर्ता नं १७६५०२/०७४/०७५ बाट दर्ता भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न मिति २०७५/१२/१८ मा अनुमतिपत्र नं. ४९ बाट अनुमति प्राप्त संस्था हो । साथै नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको रुपमा कार्य गर्न मिति २०७८/०१/०२ मा अनुमति प्राप्त संस्था हो ।

**(ग) योजना व्यवस्थापकको रजिष्टर्ड तथा कारोवार ठेगाना :**

रजिष्टर्ड ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं: ११, त्रिपुरेश्वर, काठमाण्डौ ।

**(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :**

मेगा क्यापिटल मार्केट्स लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०६/२७ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ अनुसार मिति २०७५/१२/१८ मा नियमनकारी निकायको मापदण्ड पुरा गरी श्री नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन, शेयर रजिष्ट्रार, प्रत्याभूती कर्ता, संस्थागत परामर्श सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७६/०१/०६ गतेदेखि विधिवत रुपमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोवार प्रारम्भ भएको हो । श्री नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०३ गते निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्राप्त गरी २०७६/०२/१७ गते श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको निक्षेप सदस्यता हासिल गरी निक्षेप सदस्य सेवा प्रदान गर्न प्रारम्भ भएको हो । यस कम्पनीले मिति २०७८/०१/०२ मा नै नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति समेत प्राप्त गरेको छ ।

**(ङ) योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :**

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्ने ।
२. संगठित संस्थाहरुले निष्काशन गरेको धितोपत्रहरुको खरिद गर्न प्रत्याभुति (अण्डरराइटिङ्ग) गर्ने ।
३. संगठित संस्थाहरुको धितोपत्र अभिलेख राख्ने, धितोपत्रहरुको नामसारी दाखेल खारेज आदि गर्ने प्रयोजनको लागि शेयर रजिष्ट्रारका रुपमा कार्य गर्ने ।
४. संगठित संस्थाहरुको शेयरमा लगानी गर्ने, खरिद बिक्री गर्ने ।
५. प्रचलित धितोपत्र सम्बन्धी ऐन, मर्चेन्ट बैंकर नियमावली तथा नेपाल धितोपत्र बोर्डको नियमको अधिनमा रही धितोपत्र बाजार निर्माताको रुपमा कार्य गर्ने ।
६. सामुहिक लगानी कोष (म्युचुअल फण्ड) को योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्ने ।
७. लगानीकर्ताहरुको सम्पत्ति व्यवस्थापक (एसेट म्यानेजर) तथा लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजर) को सेवा प्रदान गर्ने ।
८. संस्थागत परामर्श सेवा प्रदान गर्ने ।

### ६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/ सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

मेगा क्यापिटलले यो पहिलो बन्दमुखी योजना संचालनमा ल्याउन लागेको छ । जसको सूचीकरण नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भई इकाईहरुको कारोवार गर्न पाउने छन् । यो योजनाको अतिरिक्त आ.व. २०८०।८१ मा दोस्रो बन्दमुखी योजना सञ्चालनमा ल्याउने योजना रहेको छ साथै आ.व. २०८१।८२ मा पहिलो खूल्लामुखि योजना संचालनमा ल्याउने योजना रहेको छ । कम्पनीले समय सापेक्ष आफ्नो प्रविधिमा सुधार गरी इन्भेष्टमेन्ट बैंकिङ्ग क्षेत्रमा देखिएको नयाँ आयमहरुमा थप अन्वेषण गरी क्रमिक रुपमा नयाँ योजनाहरु प्रदान गर्ने लक्ष्य राखेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :**

कोभिड १९ को प्रकोपका कारण हाल देशको आर्थिक वृद्धि घट्दो क्रममा रहेता पनि २०७८ बैशाखमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.८३ प्रतिशत रहेको थियो । वाणिज्य बैंकहरुको औसत आधार दर २०७७ बैशाखमा ८.९६ प्रतिशत रहेकोमा २०७८ बैशाखमा ६.८३ प्रतिशत कायम भएको छ । न्यून ब्याजमा ऋण उपलब्ध हुने हुनाले सो रकम पूँजीबजार परिचलन गर्न सकिने भएकोले यसले पूँजीबजारको वृद्धिमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । हाल बजारको पूँजीकरण र उपभोक्ता मूल्य सूचकाङ्कको अनुपात ८७.३ रहेको छ र यसले पूँजीबजार हाल Fairly Valued जनाउँछ ।

नेपालमा सामूहिक लगानी कोष संचालन सम्बन्धी व्यवसायको एक दशक भन्दा कम ईतिहास रहेको र हाल आएर उक्त व्यवसायले गति लिन थालेको तथा धितोपत्र बजारको बिस्तार हुँदै गएको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको राम्रो भविष्य देखिएको छ । बन्दमुखी योजना अर्न्तगत संचालित भएका कुल योजना २३ वटाको कुल सम्पती मुल्य (लागतमा) रु.२४.५५ अर्ब र औसत प्रति इकाई मुल्य रु.१५.८६ रहेको छ । कोष व्यवस्थापकको कुल संख्या १३ वटा रहेको हालको अवस्थामा उक्त क्षेत्रमा यस कम्पनी कान्छो भएता पनि यस क्षेत्रमा आफ्नो पहिचान सृजना गरी वर्चस्व कायम गर्न यस कम्पनी प्रतिस्पर्धी रहन आवश्यक रणनीति तर्जुमा गरेको छ । हाल सञ्चालनमा रहेका सामुहिक लगानी कोषहरुको खुद सम्पत्ती मूल्य र नेप्से परिसूचक बीच सहसम्बन्ध उच्च रहेकोले नेप्से परिसूचक बढ्दा खुद सम्पत्ती मूल्य सो वमोजिम बढ्ने र नेप्से परिसूचक घट्दा खुद सम्पत्ती मूल्य सोहि वमोजिम घट्ने पाइएको छ । कम्पनीले आफुले व्यवस्थापन गर्न लागेको समुहिक लगानी कोषलाई हाल व्यवस्थापन भएको सामुहिक लगानी कोष भन्दा पृथक तथा सवल ढंगले गर्न सिमित तथा आवश्यक संख्यामा मात्र विविधिकरण गर्ने, विद्यमान आर्थिक स्थितिको अवलोकन गरी आधारभूत तथा प्राविधिक विश्लेषण प्रतिवेदनको साथै व्यवहार प्रभावित वित्त का सिद्धान्तलाई समेत लगानी गर्ने निर्णयमा समावेश गर्ने र यस विवरणपत्रबाट सञ्चालन गर्न खोजिएको कोष मुख्यतय पूँजी वृद्धिमा केन्द्रित रहने लक्ष्य लिएको छ । यसरी पृथक ढंगले व्यवस्थापन गरिने हुँदा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणहरुको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा सर्वसाधारणहरुको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्र बजारको विकासमा सघाउ पुऱ्याउनेछ । आम लगानीकर्ताहरुले सामूहिक लगानी कोष मार्फत गरिने लगानीलाई आधार मानी आफ्नो लगानीको खाका समेत बनाउने गरेकोले यसको महत्व दिनप्रतिदिन बढ्दै गइरहेको देखिन्छ । विगतका ८ आर्थिक वर्षमा सामुहिक लगानी कोषहरुले औसत १५ प्रतिशतको वार्षिक लाभांश प्रदान गर्दै आइरहेको छ । उक्त प्रतिफल निक्षेप तथा मुद्दती निक्षेप भन्दा बढी भएकोले सोही वमोजिमको औसत लाभांश वितरण गर्ने क्षमता कायम गर्न सकेमा योजना व्यवस्थापकको व्यवसायको भविष्य उज्वल हुने विश्वास लिएका छौं ।

### ६.३ योजना व्यवस्थापकको संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

योजना व्यवस्थापकको ५ सदस्यीय संचालक समिति रहेको छ । कम्पनीको संचालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय वमोजिम रहेको छ :

| सि.नं | विवरण | संख्या |
|---|---|---|
| १ | कोष प्रवर्द्धक मेगा बैंक नेपाल लिमिटेडबाट प्रतिनिधि | ३ (जना) |
| २ | स्वतन्त्र संचालक | २ (जना) |
| | **जम्मा** | **५ (जना)** |

### ६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत, जारी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

(क) **अधिकृत पूँजी** : कम्पनीको अधिकृत पूँजी रु. ३०,००,००,०००/- (अक्षरेपी तीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले ३०,००,००० (तीस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

(ख) **जारी पूँजी** : कम्पनीको जारी पूँजी रु. २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले २०,००,००० (बीस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी:** कम्पनीको चुक्ता पूँजी रु. २०,००,००,०००।- (अक्षेरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :**

| सि.नं | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व % मा | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री मेगा बैंक नेपाल लिमिटेड | वडा नं २८, कमलादी, काठमाण्डौं | राष्ट्रिय स्तरको "क" वर्गको बैंक | १०० | लागू नहूने | लागू नहूने |

**(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :**

| सि.नं | नाम | पद | प्रतिनिधित्व | उमेर | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री ईश्वर बहादुर गुरुङ्ग | अध्यक्ष | मेगा बैंक नेपाल लिमिटेड | ५८ | नेपाली | अर्जुन चौपारी - ६, स्याङजा | MPA | • मुन लाईट माध्यामिक विधालयमा विगत ३० वर्ष देखि प्रिन्सिपलको रुपमा कार्यरत<br>• मेगा बैंक नेपाल लिमिटेडमा ६ वर्ष सञ्चालकको रुपमा कार्य अनुभव र सो भन्दा अगाडि २ वर्षको लागि समन्वय समितिमा कार्य अनुभव |
| २. | श्री तुल्सीराम पोखरेल | संचालक | मेगा बैंक नेपाल लिमिटेड | ५२ | नेपाली | पाणिनी - १, पणेना, अर्घाखाँची | MBA | • बैंक तथा वित्तीय क्षेत्रमा व्यवस्थापन र उच्च व्यवस्थापन तहमा गरी २५ वर्षको कार्य अनुभव ।<br>• विगत ११ वर्ष देखि मेगा बैंक नेपाल लिमिटेडको उच्च व्यवस्थापन तहमा रहेको र हाल वरिष्ठ नायब महाप्रबन्धक पदमा कार्यरत |
| ३. | श्री डिल्लीराम श्रेष्ठ | संचालक | मेगा बैंक नेपाल लिमिटेड | ४५ | नेपाली | खाँदबारी - ३, संखुवा-सभा | LLM | • मेगा बैंक नेपाल लिमिटेडमा विगत ४ वर्ष देखि प्रमुख कानुन विभागमा कार्यरत<br>• सिभिल बैंक लिमिटेडमा कम्पनी सचिव तथा प्रमुख कानुन तथा शेयर विभागमा करिब ७ वर्ष कार्य अनुभव<br>• राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा सहायक कानुन अधिकृत पदमा करिब ३ वर्ष कार्य अनुभव<br>• अधिवक्ता तथा अभिवक्ताको रुपमा विगत २० वर्ष देखि कानुन व्यवसायीको रुपमा कार्यरत<br>• ब्रिलियण्ट वहुमुखी क्याम्पस, चावाहिल काठमाण्डौमा ८ वर्ष वणिज्य कानुन विषयको प्राध्यापन |
| ४. | डा. रमेश चन्द्र पौडेल | संचालक | स्वतन्त्र सञ्चालक | ५० | नेपाली | मदाने - ७, गुल्मी | Ph.D (Economics) | • हाल त्रिभुवन विश्वविधालयमा अर्थशास्त्र केन्द्रीय विभागमा विगत १ वर्ष देखि अर्थशास्त्र विषयको सह प्रध्यापक को रुपमा कार्यरत<br>• प्यासिफिक कलेज अफ टेक्नोलोजिमा - अष्ट्रेलियामा ५ वर्ष अर्थशास्त्र तथा व्यापारको प्राध्यापकको रुपमा तथा सोहि अवधिको ३ वर्ष प्रमुख व्यापार तथा अर्थशास्त्र विभागमा कार्य अनुभव<br>• हिमालयन ह्वाईट हाउस कलेजमा ४ वर्ष अर्थशास्त्रको प्राध्यापकको रुपमा कार्य अनुभव |
| ५ | श्री ईश्वरी प्रसाद भट्टराई | संचालक | स्वतन्त्र सञ्चालक | ५१ | नेपाली | छत्रदेब -६, अर्घाखाँची | LLM | • २०५० साल देखि कानून व्यवसायमा निरन्तर संलग्न रहेको<br>• हाल नेपाल बार एशोसिएशनको केन्द्रिय उपाध्यक्षमा रहनु भएको |

**(ग) संस्थापकहरु कुनै कम्पनी/सस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं | संस्थापक कम्पनीको नाम | ठेगाना | कम्पनीले गर्ने व्यवसाय | संचालकहरुको | | |
|---|---|---|---|---|---|---|
| | | | | नाम | पद | ठेगाना |
| १. | श्री मेगा बैंक नेपाल लिमिटेड | वडा नं २८, कमलादी, काठमाण्डौं | बैंकिङ्ग व्यवसाय | श्री भोज वहादुर शाह | अध्यक्ष | डिभर्ना ५, अर्घाखाँची |
| | | | | श्री गोपाल खनाल | संचालक | काठमाण्डौं ५, बसुन्धरा |
| | | | | श्री मदन कुमार आचार्य | संचालक | भरतपोखरी ९, कास्की |
| | | | | श्री मुक्तिराम पाण्डे | संचालक | भगवती ४, अर्घाखाँची |
| | | | | डा. इन्द वहादुर मल्ल ठकुरी | संचालक | का.म.न.पा. ३ |
| | | | | श्री वालकृष्ण शिवाकोटी | संचालक | सुनखानी ७ दोलखा |
| | | | | श्रीमती शिवा देवी काफ्ले | स्वतन्त्र संचालक | काठमाडौं १० |

**(घ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी/संस्थासँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना :**

| सि.नं | संचालकको नाम | आवद्ध भएको अन्य कम्पनीको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री ईश्वर बहादुर गुरुङ्ग | मुनलाईट उच्च माध्यमिक विद्यालय, कुमारीपाटी, ललितपुर | प्रिन्सिपल |
| २. | श्री तुल्सीराम पोखरेल | मेगा बैंक नेपाल लि., कमलादी, काठमाण्डौ । | वरिष्ठ नायब महाप्रबन्धक |
| ३. | श्री डिल्लीराम श्रेष्ठ | मेगा बैंक नेपाल लि., कमलादी, काठमाण्डौ । | प्रमुख कानुन विभाग |
| ४. | डा. रमेश चन्द्र पौडेल | अर्थशास्त्र केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय । | सहप्राध्यापक |
| ५. | श्री ईश्वरी प्रसाद भट्टराई | आई बि ल एसोसिएट्स, अनामनगर काठमाण्डौ । | प्रबन्ध पार्टनर |

**(ङ) सञ्चालकहरुलाई दिइएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :** संचालक समितिका सदस्यहरुलाई कर सहित प्रति बैठक अध्यक्षलाई रु १०,०००/- र अन्य सञ्चालकलाई रु ८,०००/- बैठक भत्ता प्रदान गरिनेछ ।

**६.६ योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी :**

**(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम,पद, उमेर, शैक्षिक योग्यता, व्यवसायीक अनुभवसम्बन्धी विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | पद | उमेर | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री सवीर बादे श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | ३७ | ACCA, EMBA | लगानी, वित्तीय र लेखापरीक्षणमा १६ वर्ष भन्दा बढी को कार्य अनुभव जस मध्ये नेपाली पूँजी बजार तथा मर्चेन्ट बैकिङ्गको वरिष्ठ पदहरुमा ८ वर्षको कार्य अनुभव । |
| २. | श्री शुलभ श्रेष्ठ | प्रमुख लगानी अधिकृत | ३० | FCCA, EMBA | लेखा, वित्तीय, लेखापरीक्षणमा ११ वर्ष भन्दा बढी को कार्य अनुभव जस मध्य नेपाली पूँजी बजार तथा मर्चेन्ट बैकिङ्ग श्रेत्रमा ४ वर्ष भन्दा बढी कार्य अनुभव तथा नेशनल कलेज अफ एकाउन्टेन्समा ५ वर्ष लेखा, वित्तीय व्यवस्थापन विषयको प्राध्यापनको अनुभव । |

**(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

| क्र.सं. | नाम | पद | आ. व. २०७६।७७ को तलव तथा भत्ता रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सवीर बादे श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | ११,५०,७१५.९० | चालु आ.व. २०७७।७८ को जेष्ठ मसान्तसम्म |
| २. | श्री शुलभ श्रेष्ठ | प्रमुख लगानी अधिकृत | ९,९९,६३९.०७ | |
| ३. | श्री सुदय कान्त झा | पूर्व प्रमुख कार्यकारी अधिकृत | २७,१०,१५७.२० | तत्कालिन |

**६.७ योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधि भरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण :**

## क. वासलात

*रकम रु.मा*

| विवरण | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | - | ११,७४९,१८४ | ११,०५३,४३३ |
| अमूर्त सम्पत्ति | - | ४४२,३६७ | ८०८,३१९ |
| **कूल स्थिर सम्पत्ति** | - | **१२,१९१,५५०** | **११,८६१,७५२** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा नगद समान | १९,७८२,३२९ | ६५,०८५,७७७ | १७,७३३,२८२ |
| व्यापार प्राप्य | १,१३१,९२७ | ३३२,३८९ | ८,८७४,००८ |
| अग्रिम भुक्तानी र निक्षेप | - | १,५८१,६२४ | ६२५,१८५ |
| परिशोधित मुल्यमा मापन गरिनेवित्तीय सम्पत्ति | १८०,०००,००० | १३०,०००,००० | १७०,०००,००० |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति | - | - | १४,६९९,७६७ |
| **कूल चालु सम्पत्ति** | **२००,९१४,२५५** | **१९६,९९९,७९१** | **२११,९३२,२४२** |
| **कूल सम्पत्ति** | **२००,९१४,२५५** | **२०९,१९१,३४१** | **२२३,७९३,९९४** |
| **पूँजी तथा दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| व्यवस्था - कर्मचारी सुविधा | - | २२२,११६ | ३५०,५८७ |
| अन्य दायित्व | - | - | २९०,६९२ |
| स्थगन कर दायित्व | - | ३४६,६७० | १,१८१,०१८ |
| **कुल गैर चालु दायित्व** | - | **५६८,७८७** | **१,८२२,२९७** |
| **चालु दायित्व** | | | |
| तिर्न बाकी रकम | ३१०,५२२ | २,३३०,३७८ | २,२५४,३६२ |
| व्यवस्था | १५२,४३३ | १,०३७,२५७ | २,०७९,७४६ |
| **कूल चालु दायित्व** | **४६२,९५५** | **३,३६७,६३६** | **४,३३४,१०८** |
| **पूँजी** | | | |
| शेयर पूँजी | २००,०००,००० | २००,०००,००० | २००,०००,००० |
| सञ्चित मुनाफा | ४५१,३०० | ५,२५४,९१८ | १६,२७५,४९५ |
| जगेडा कोष | | - | १,३६२,०९४ |
| **कूल पूँजी** | **२००,४५१,३००** | **२०५,२५४,९१८** | **२१७,६३७,५८९** |
| **कूल पूँजी तथा दायित्व** | **२००,९१४,२५५** | **२०९,१९१,३४१** | **२२३,७९३,९९४** |

## ख. नाफा नोक्सान हिसाब

*रकम (रु.मा)*

| विवरण | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
|---|---|---|---|
| संचालन आय | - | ३८५,६१९ | ४,८३३,७७८ |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नाफा/(नोक्सान) | - | - | १२,८१२,४९३ |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नभएको नाफा/(नोक्सान) | - | - | २,०६७,४०७ |
| व्याज आम्दानी | १,५१२,१२४ | १९,९१४,४३२ | १७,०६४,४७० |
| अन्य आम्दानी | | १२२,६१० | २८,८५० |
| **कुल संचालन आम्दानी** | **१,५१२,१२४** | **२०,४२२,६६१** | **३६,८०६,९९७** |
| इजाजतपत्र र नियामक शुल्क | - | १,४७३,८०६ | १,०७२,५७६ |
| कर्मचारी खर्च | ५७२,४०० | ५,२८४,८४० | ९,८३९,४८१ |
| परिसर शुल्क | - | २,१३४,१७५ | ३,५७६,७१० |
| विज्ञापन तथा व्यापार प्रवर्धन खर्च | - | १,३७८,८४४ | ३१२,६७० |
| कार्यालय संचालन तथा प्रशासनिक खर्च | ३३७,९९१ | १,९००,९५५ | २,७८५,८०६ |
| **संचालन आम्दानी/(नोक्सानी)** | **६०१,७३३** | **८,२५०,०४१** | **१९,२१९,७५४** |
| **गैर संचालन खर्च** | | | |
| व्याज खर्च | - | - | - |

| | | | |
|---|---|---|---|
| ह्रासकटी र परिशोधन | – | १,०१८,३८३ | १,३५६,५४२ |
| **आयकर अगाडिको नाफा** | **६०१,७३३** | **७,२३१,६५८** | **१७,८६३,२१२** |
| आयकर खर्च | १५०,४३३ | २,४२८,०४० | ५,४८०,५४२ |
| *यस वर्षको व्यवस्था* | १५०,४३३ | २,०८१,३७० | ४,६४६,१९५ |
| *स्थगन कर आम्दानी/(खर्च)* | | ३४६,६७० | ८३४,३४७ |
| **खुद नाफा/(नोक्सान)** | **४५१,३००** | **४,८०३,६१८** | **१२,३८२,६७१** |

## ग. नाफा नोक्सान बाँडफाँड हिसाब

*रकम रु.मा*

| विवरण | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
|---|---|---|---|
| | | | |
| यस वर्षको मुनाफा | ४५१,३०० | ४.८०३.६१८ | *१२,३८२,६७१* |
| | | | |
| **१ विनियोजन** | – | | |
| वैधानिक संचित | – | – | १,२३८,२६७ |
| संथागत सामाजिक उत्तरदायित्व | – | | १२३,८२७ |
| अन्य | – | – | – |
| **२ समायोजन** | | | |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नभएको नाफा/(नोक्सान) | – | – | २,०६७,४०७ |
| **वितरणयोग्य नाफा वा नोक्सान** | **४५१,३००** | **४,८०३,६१८** | **८,९५३,१७०** |

## घ . नगद प्रवाह विवरण

*रकम रु.मा*

| विवरण | आ. व. ०७४/७५ | आ. व. ०७५/७६ | आ. व. ०७६/७७ |
|---|---|---|---|
| **(क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | |
| कर अधिको नाफा/(नोक्सान) | ६०१,७३३ | ७,२३१,६५८ | १७,८६३,२१२ |
| **समायोजनको लागि** | | | |
| ह्।सकट्टी शुल्क | – | १,०१८,३८३ | १,३५६,५४२ |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नभएको नाफा/(नोक्सान) | – | – | (२,०६७,४०७) |
| लाभांश प्राप्त | – | – | (४९०,५३४) |
| आयकर | १५०,४३३ | (२,४२८,०४०) | (५,४८०,५४२) |
| लाभांश भुक्तानी | – | – | – |
| दायित्वमा कमी/(बृद्धि) | ४६२,९५५ | ३,४७३,४६७ | २,२१९,९८३ |
| लगानीमा कमी/(बृद्धि) | -- | – | (१२,६३२,३६०) |
| मुदती निक्षेपमाा कमी/(बृद्धि) | (१८०,०००,०००) | ५०,०००,००० | (४०,०००,०००) |
| अन्य सम्पत्तीमा कमी/(बृद्धि | (१,१३१,९२७) | (७८२,०८७) | (७,५८५,१७९) |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | **(१८०,२१७,६७२)** | ***५८,५१३,३८१*** | ***(४६,८१६,२८६)*** |
| **(ख) वित्तीय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर पूँजी जारी | २००,०००,००० | – | – |
| दीर्घकालिन ऋणमा (कमी)/बृद्धि | – | – | – |
| लाभांश प्राप्ती | – | – | ४९०,५३४ |
| **वित्तीय कारोवारबाट नगदप्रवाह** | **२००,०००,०००** | – | ***४९०,५३४*** |
| **(ग) लगानी कारोवारबाट नगद प्रवाह** | | | |
| मुर्त स्थिर सम्पत्तीको खरिद विकी | – | (१२,७४९,१८३) | (५४३,६६८) |
| अमुर्त स्थिर सम्पत्तीको खरिद विकी | – | (४६०,७५०) | (४८३,०७५) |
| **कुल लगानी कारोबारबाट नगद प्रवाह** | – | ***(१३,२०९,९३३)*** | ***(१,०२६,७४३)*** |
| **नगद तथा नगद समानमा भएको खुद (कमि)/वृद्धि** | **१९,७८२,३२९** | **४५,३०३,४४८** | ***(४७,३५२,४९४)*** |
| (ङ) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | – | १९,७८२,३२९ | *६५,०८५,७७७* |
| (च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | **१९,७८२,३२९** | ***६५,०८५,७७७*** | ***१७,७३३,२८२*** |

**योजना व्यवस्थापकको पछिल्लो त्रैमासको व्यवस्थापनबाट प्रमाणित भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :**

**वासलात**

*रकम रु.मा*

| **विवरण** | **अपरिष्कृत आ. व. ०७७/७८ *** |
|---|---:|
| **सम्पत्ति** | |
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | १०,७९२,३०० |
| अमूर्त सम्पत्ति | ८६६,६०८ |
| **कूल स्थिर सम्पत्ति** | - |
| **चालु सम्पत्ति** | |
| नगद तथा नगद समान | ३०३,२१९,९२८ |
| व्यापार प्राप्य | १५,७५८,५११ |
| अग्रिम भुक्तानी र निक्षेप | ४,०३७,४८० |
| परिशोधित मुल्यमा मापन गरिनेवित्तीय सम्पत्ति | १००,०००,००० |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति | २६,६०१,३८३ |
| **कूल चालु सम्पत्ति** | **४४९,६१७,३०३** |
| **कूल सम्पत्ति** | **४६१,२७६,२११** |
| **पूँजी तथा दायित्व** | |
| **गैर चालु दायित्व** | |
| व्यवस्था - कर्मचारी सुविधा | ३८३,७५५ |
| अन्य दायित्व | ४६७,४९२ |
| स्थगन कर दायित्व | १,२१६,३९२ |
| **कूल गैर चालु दायित्व** | **२,०६७,६३९** |
| **चालु दायित्व** | |
| तिर्न बाकी रकम | २१४,३५९,६६८ |
| व्यवस्था | ५,७२८,३२४ |
| **कूल चालु दायित्व** | **२२०,०८७,९९१** |
| **पूँजी** | |
| शेयर पूँजी | २००,०००,००० |
| सञ्चित मुनाफा | ३३,८५५,३५८ |
| जगेडा कोष | ५,२६५,२२३ |
| **कूल पूँजी** | **२३९,१२०,५८१** |
| **कूल पूँजी तथा दायित्व** | **४६१,२७६,२११** |

**ख. नाफा नोक्सान हिसाब**

*रकम (रु.मा)*

| **विवरण** | **अपरिष्कृत आ. व. ०७७/७८ *** |
|---|---:|
| संचालन आय | ४९,३२९,८९१ |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नाफा/(नोक्सान) | १५,४४९,०११ |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नभएको नाफा/(नोक्सान) | ५९४,२८४ |
| ब्याज आम्दानी | १७,७७९,१३२ |
| अन्य आम्दानी | ६६३,७५० |
| **कुल संचालन आम्दानी** | **८३,८१६,०६८** |
| इजाजतपत्र र नियामक शुल्क | |

| | |
|---|---|
| | ५,७६४,५२३ |
| कर्मचारी खर्च | १५,१२२,७८५ |
| परिसर शुल्क | ३,६९७,५८६ |
| विज्ञापन तथा व्यापार प्रबर्धन खर्च | २३९,१७४ |
| कार्यालय संचालन तथा प्रशासनिक खर्च | ५,६२०,४२४ |
| **संचालन आम्दानी/(नोक्सानी)** | **५३,३७१,५७६** |
| **गैर संचालन खर्च** | |
| व्याज खर्च | - |
| ह्रासकटी र परिशोधन | २,००४,७२२ |
| **आयकर अगाडिको नाफा** | **५१,३६६,८५४** |
| आयकर खर्च | १५,८८३,८६२ |
| *यस वर्षको व्यवस्था* | १५,८४८,४८७ |
| *स्थगन कर आम्दानी/(खर्च)* | ३५,३७५ |
| **खुद नाफा/(नोक्सान)** | **३५,४८२,९९२** |

## ग. नाफा नोक्सान बाँडफाँड हिसाब

*रकम रु.मा*

| विवरण | अपरिष्कृत<br>आ. व. ०७७/७८ * |
|---|---|
| यस वर्षको मुनाफा | ३५,४८२,९९२ |
| **१ विनियोजन** | |
| वैधानिक संचित | ३,५४८,२९९ |
| संथागत सामाजिक उत्तरदायित्व | ३५४,८३० |
| अन्य | - |
| **२ समायोजन** | |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नभएको नाफा/(नोक्सान) | ५९४,२८४ |
| विगत वर्षको प्राप्त नभएको नाफा/(नोक्सान) यस वर्ष प्राप्त भएको | २,०६७,४०७ |
| **वितरणयोग्य  नाफा वा नोक्सान** | **३३,०५२,९८६** |

## घ . नगद प्रवाह विवरण

*रकम रु.मा*

| विवरण | अपरिष्कृत<br>आ. व. ०७७/७८ * |
|---|---|
| **(क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| कर अधिको नाफा/(नोक्सान) | ५१,३६६,८५४ |
| **समायोजनको लागि** | |
| ह्ासकट्टी शुल्क | २,००४,७२२ |
| नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्तिमा प्राप्त नभएको नाफा/(नोक्सान) | (५९४,२८४) |
| लाभांश प्राप्त | (११,६८७) |
| आयकर | (१५,८८३,८६२) |
| लाभांश भुक्तानी | (१४,०००,०००) |
| दायित्वमा कमी/(बृद्धि) | २१५,९९९,२२६ |
| लगानीमा कमी/(बृद्धि) | (११,३०७,३३३) |
| मुदती निक्षेपमाा कमी/(बृद्धि) | ७०,०००,००० |
| अन्य सम्पत्तीमा कमी/(बृद्धि | (१०,२९६,७९९) |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | ***२८७,२७६,८३८*** |
| **(ख) वित्तीय कारोवारबाट नगद प्रवाह** | |
| शेयर पूँजी जारी | - |
| दीर्घकालिन ऋणमा (कमी)/बृद्धि | - |

| | |
|---|---|
| लाभांश प्राप्ती | ११,६८७ |
| **वित्तीय कारोवारबाट नगदप्रवाह** | ***११,६८७*** |
| **(ग) लगानी कारोवारबाट नगद प्रवाह** | |
| मुर्त स्थिर सम्पत्तीको खरिद विकी | (१,५३४,६९४) |
| अमुर्त स्थिर सम्पत्तीको खरिद विकी | (२६७,१८५) |
| **कुल लगानी कारोबारबाट नगद प्रवाह** | ***(१,८०१,८७९)*** |
| **नगद तथा नगद समानमा भएको खुद (कमि)/वृद्धि** | ***२८५,४८६,६४६*** |
| (ङ) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | *१७,७३३,२८२* |
| (च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ***३०३,२१९,९२८*** |

** आ.व. ०७७/७८ को चौथो त्रैमासको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरण*

**६.८ योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था :**

योजना व्यवस्थापकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट निर्धारित Nepal AccountingStandard (NAS) र Nepal Financial Reporting Standard (NFRS) अनुरुपको लेखा नीति पालना गरेको छ ।

**६.९ योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना :**

श्री सि एस सि एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट, माहामती भवन, गैरीधारा मार्ग काठमाडौं ।

**६.१० योजना व्यवस्थापकको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण :**

नभएको ।

**६.११ यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण :**

मेगा बैंक म्युचुअल फण्ड अन्तर्गत यसअघि कुनै योजना सञ्चालनमा आएको छैन ।

**६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत :**

ICRA Nepal बाट "[ICRANP] AMC Quality 3 (AMC3)" Adequate Assurance on Management Quality" प्राप्त ।

**७ . कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण :**

**७.१ कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता :**

| क.स | नाम | ठेगाना | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | डा. विश्वम्भर प्याकुर्‍याल | ललितपुर महानगरपालिका वडा नं. ३, सानेपा । | ७१ | विद्यावारिधि, अर्थशास्त्र |
| २ | डा. भरत बहादुर कार्की | का.म.पा.वडा नं. १४, बल्खु , काठमाडौं । | ७० | विद्यावारिधि, बाणिज्य कानुन |
| ३ | श्री युवराज पाण्डे | चन्द्रागिरी नगरपालिका, वडा नं. ६, मच्छेगाउँ, टौखेल, नयाँबस्ती । | ६४ | एम.ए. अर्थशास्त्र |
| ४ | श्री अनल राज भट्टराई | का.म.पा. वडा नं. १०, बानेश्वर, काठमाडौं । | ५४ | सि.ए. |
| ५ | श्रीमती सरिता भट्ट अधिकारी | का.म.पा.वडा नं. ३१, मिनभवन, काठमाडौं । | ५० | एम.बि.ए. |

**७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :**

| सि.नं | नाम | व्यवसायीक अनुभव | मुख्य पेशा वा व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| १ | डा. विश्वम्भर प्याकुर्‍याल | त्रिभुवन विश्वविध्यालयमा अर्थशास्त्र विषयको प्राध्यापकको रुपमा निरन्तर ४ दशकको कार्य अनुभव, श्रीलंका तथा माल्दिभसको राजदूतको रुपमा २ वर्ष भन्दा बढीको कार्य अनुभव साथै नेपाल औद्योगिक विकास संस्थानको अध्यक्ष, नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको, महालेखापरीक्षकको कार्यालयको सहल्लाहकार समितिको समेत कार्य गरेको । | सेवानिवृत | नरहेको |
| २ | डा. भरत बहादुर कार्की | कानून प्राध्यापन तथा कानून व्यवसायमा निरन्तर ३६ वर्षको कार्य अनुभव तथा २०६६ देखि २०६७ साल सम्म नेपाल राज्यको | सेवानिवृत | नरहेको |

| | | | | |
|---|---|---|---|---|
| | | महान्यायाधिवक्ताको पदमा बसी काम गरेको तथा २०६७ देखि २०७० साल सम्म सर्वोच्च अदालतको न्यायाधीशको पदमा कार्य गरेको । | | |
| ३ | श्री युवराज पाण्डे | निजामती सेवाको विशिष्ट श्रेणीको सचिव लगायत विभिन्न पदहरुमा २४ वर्ष भन्दा बढीको कार्य अनुभव जसमा नेपाल दुरसञ्चार संस्था, साझा यातायात को अध्यक्ष, योजना आयोग, श्रम तथा यातायात मन्त्रालय समेतको सचिव तथा गरिवी निवारण कोषको उपाध्यक्ष समेतको कार्य अनुभव पर्दछ । | सेवानिवृत | नरहेको |
| ४ | श्री अनल राज भट्टराई | विगत ३० वर्ष देखि लेखापरीक्षण, बैंकिङ्ग तथा परामर्शकर्ताको रुपमा कार्यरत । सानिमा बैंक लिमिटेड तथा कमर्ज एण्ड ट्रष्ट बैंक नेपाल लिमिटेडको संस्थापक कार्यकारी प्रमुख र क्लिन इनर्जी डेभलपमेण्ट बैंक लिमिटेडको महाप्रबन्धकको कार्य अनुभव । | प्रमुख कार्यकारी अधिकृत एन आर एन नेपाल डेभलपमेण्ट फण्ड लिमिटेड | |
| ५ | श्रीमती सरिता भट्ट अधिकारी | कार्यकारी निर्देशक समेत गरी नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षण, विनिमय विभाग तथा वित्त व्यवस्थापन विभागमा ३० वर्षको कार्य अनुभव । | सेवानिवृत | नरहेको |

### ७.३ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्ने योजनाको विवरण पुस्तिकाको सत्यताको सम्वन्धमा अध्ययन गरी स्वीकृतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डवाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने योजना सम्बन्धमा प्राप्त गुनासोहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लंघन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लंघन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

### ७.४ कोष प्रवर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु :

(१) कोष प्रवर्द्धक तथा कोष सुपरिवेक्षकले नियमावलीको अधीनमा रही व्यावसायिक ढङ्गले आफ्नो दायित्व निर्वाह गर्ने ।

(२) कोष सुपरिवेक्षकले योजना व्यवस्थापकको काम कारवाहीको सूपरिवेक्षण गर्ने तथा कोष अन्तर्गत संचालन गरिने विभिन्न योजनामा सहभागी हुने युनिट होल्डरहरुको हित संरक्षण गर्नका लागि प्रचलित कानूनको अधीनमा रही पूर्ण व्यवसायिक तवरले स्वतन्त्र भई आफ्नो कार्य गर्ने ।

(३) कोष सुपरिवेक्षकले कोष व्यवस्थापकले संचालन गर्न लागेको योजनालाई प्रचलित धितोपत्र सम्बन्धी ऐन, सामुहिक लगानी कोष नियमावली तथा सो अन्तर्गत जारी निर्देशिका, नेपाल धितोपत्र बोर्ड एवं अन्य नियमनकारी निकायहरुद्वारा जारी निर्देशनका साथै अन्य प्रचिलत ऐन नियमको अधीनमा रही स्वीकृति प्रदान गर्ने ।

(४) कोष सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- (क) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,
- (ख) योजना व्यवस्थापक तथा डिपोजिटरीको काम-कारवाहीको सुपरिवेक्षण गर्ने,
- (ग) योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने,
- (घ) योजना अर्न्तगतको सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिएको-नराखिएको सुपरिवेक्षण गर्ने,
- (ङ) बोर्डबाट स्वीकृत योजना बमोजिम योजना संचालन भए नभएको सुपरिवेक्षण गर्ने,
- (च) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,
- (छ) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,
- (ज) योजना व्यवस्थापकले समयमा लेखा परीक्षण गराए-नगराएको, तोकिएबमोजिम विवरण सार्वजनिक गरे-नगरेको तथा बोर्डसमक्ष पेश गर्नुपर्ने विवरण तथा जानकारी समयमा पेश गरे-नगरेको सुनिश्चित गर्ने तथा त्यस्तो नगरेको पाईएमा गर्न लगाउने,
- (झ) योजनाको धितोपत्र, रकम, ब्याज, लाभांश वा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न निर्देशन दिने,
- (ञ) सामूहिक लगानी कोष नियमावली तथा सो अन्तर्गत जारी गरिने निर्देशिकाले तोके बमोजिम योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन, योजना व्यवस्थापकको काम-कारवाही प्रति द्वितीय पक्ष सन्तुष्ट रहेको प्रमाण, योजना व्यवस्थापकले योजनाको संचालन स्वतन्त्रपूर्वक गरेको तथा सहभागीको हित रक्षा गर्न पर्याप्त कदम चालेको कुराको प्रमाण कागजात आदि तयार गरी तोकिएको समयमा बोर्डमा पेश गर्ने,

(ट) धितोपत्र बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

(५) योजना व्यवस्थापकको काम-कारवाहीमा अनियमितता देखिएमा वा काम-कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम-कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिने ।

(६) कोष सुपरिवेक्षकले हरेक योजनालाई सुपरिवेक्षण गरे वापत योजनाको खुद सम्पत्ति मूल्यको अधिकतम ०.१०% सेवा शुल्क ( प्रचलित कानुन बमोजिम कर कट्टागरी) त्रैमासिक रुपमा नियमावलीमा भएको व्यवस्था बमोजिम भुक्तानी गर्ने र सो भुक्तानी शुल्कको ३% रकम कोष व्यवस्थापकले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २३ को उपनियम ६ बमोजिम नेपाल धितोपत्र बोर्डमा त्रैमास समाप्त भएको तीस दिनभित्र जम्मा गर्नुपर्ने छ ।

(७) सम्झौताको अवधि करार गरेको मितिबाट दुई वर्षको रहि मिति २०७९।११।०६ सम्म रहने छ र तत्पश्चात् दुबै पक्षको आपसी सहमतिमा पुनःसम्झौता गर्न सकिने छ ।

(८) कोष सुपरिवेक्षकले ३ महिना अगाडि कोष प्रवर्द्धक तथा कोष सुपरिवेक्षक समितिको अन्य सदस्यलाई जानकारी दिई निजको कोष प्रतिको दायित्व पुरा गरी अन्य सदस्यको बहुमतको स्वीकृति सहित कोष सुपरिवेक्षक समितिबाट अलग्गिन सकिने छ ।

(९) कुनै पक्षले सम्झौताको पालना नगरेमा वा सम्झौता उल्लघंन गरेमा बोर्डले सोको पालना गराउन सक्ने ।

(१०) सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु बोर्डको पूर्व स्वीकृति लिएर मात्र दुवै पक्षको आपसी सम्झदारीमा संशोधन हुन सक्ने ।

## ८ योजना सम्बन्धी जानकारी :

### ८.१ योजना सम्बन्धी विवरण :

| | | |
|---|---|---|
| (क) | योजनाको नामः | **मेगा म्युचुअल फण्ड - १ (Mega Mutual Fund – 1)** |
| (ख) | योजनाको प्रकार : | बन्दमुखी (Close-ended) |
| (ग) | योजनाको आकार : | रु. १,००,००,००,०००।- (एक अर्व) । |
| (घ) | निष्काशन गर्न लागिएको इकाई संख्या : | १०,००,००,००० (दश करोड) । |
| (ङ) | प्रति इकाई मूल्य : | रु. १०।- (अक्षेरेपी दश मात्र) । |
| (च) | न्यूनतम विक्री हुनुपर्ने इकाई संख्या : | ५,००,००,००० (पाँच करोड) । |
| (छ) | अधिकतम सकारिने इकाई संख्या : | १२,५०,००,००० ( बाह्र करोड पचास लाख ) । |
| (ज) | योजनाको अवधि : | १० वर्ष । |
| (झ) | योजना परिपक्व हुने मिति : | योजनाको इकाई बाँडफाँट गरेको मितिले १० वर्ष । |
| (ञ) | सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था : | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरिनेछ । |
| (ट) | इकाई दर्ता तथा हस्तान्तरण गर्ने डिपोजिटरी : | मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपूरेश्वर, काठमाण्डौ । |

### ८.२ योजनाको उद्देश्य :

योजनाले इकाई विक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

### ८.३ योजनाले लगानी गर्ने क्षेत्र :

नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई विक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :

१. बोर्डमा दर्ता भएको धितोपत्र ।
२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।
३. धितोपत्र बिनिमय बजारमा सूचीकृत धितोपत्र ।
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी विल तथा मुद्रा बजारका अन्य साधनहरु ।
५. बैंक निक्षेप ।
६. मुद्रा बजार उपकरण ।
७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

**विदेशमा लगानी गर्ने भए सोसम्बन्धी व्यवस्था :**

यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएता पनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिने ।

**योजनाको लगानीमा स्वार्थ बाझिने कार्य (Conflict of Interest) को व्यवस्थापन**

मेगा म्यूचुअल फण्ड अर्न्तगत संचालन हुने प्रत्येक योजनाको दक्ष लगानी व्यवस्थापन तथा स्वार्थ बाझिने कार्यको (Conflict of Interest) व्यवस्थापनको दृष्टिकोणले प्रत्येक योजनाको पोर्टफोलियो कन्सट्रक्सनको जिम्मेवारी छुट्टाछुट्टै योजना प्रबन्धकलाई तोकिनेछ

। यी योजना प्रबन्धकहरुले अनुसन्धान विभागबाट प्राप्त आधारभूत बिश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) को आधारमा बजारको अवस्था र योजनाको लगानी नीति हेरी सोही अनुरुपको आवधिक लगानी योजना (Periodic Investment Plan) तयार गर्नेछन् । यसरी तयार गरिएको योजनालाई लगानीको रकमको आधारमा आवश्यकता अनुरुप सम्बन्धित लगानी व्यवस्थापन समिति, नियम अनुपालना अधिकृत, विभागिय प्रमुख, प्रमुख कार्यकारी अधिकृत, संचालक समितिसम्म पुऱ्याई आवश्यक परिमार्जन तथा स्वीकृति गराई योजना प्रबन्धक मार्फत डिलरको माध्यमबाट कार्यन्वयन गरिनेछ । लगानी योजनामा बजारको आवश्यकता तथा जोखिमको आधारमा कुनै परिमार्जन गर्नु परे सो मा आवश्यक संशोधनका लागि योजना प्रबन्धकले आवश्यक कदम चाल्नेछ । यसरी तयार गरिएको आवधिक लगानी योजना म्युचुअल फण्ड सफ्टवेयरमा प्रविष्ट गरी सो अनुसार भएको कारोबारलाई समेत कारोबार भएकै दिन सफ्टवेयरमा प्रविष्ट गरिन्छ । यसरी हर योजनाको भिन्ना भिन्नै व्यवस्थापन गरी स्वार्थको द्वन्द (Conflict of Interest) को व्यवस्थापन गरिनेछ । साथै प्रत्येक योजनाको लागि भिन्ना भिन्नै लेखापरीक्षकको नियुक्ति गर्ने, योजनाको सम्पत्तिलाई योजना अनुरुप भिन्ना भिन्नै डिम्याट खाता खोली राख्ने, बैंकिङ्ग कारोबार भिन्ना भिन्नै बैंक खाता मार्फत गर्ने व्यवस्था मिलाइनेछ र योजना अनुरुपको विवरण इकाईधनीहरुको जानकारीका लागि भिन्ना भिन्नै प्रकाशित गर्ने व्यवस्था मिलाइनेछ ।

## ८.४ योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण :

### क. वासलात

*रकम रु. हजार मा*

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | | | | |
| धितोपत्रमा लगानी | ९३०,११७ | १,०२१,५५३ | १,११८,८०६ | १,२२०,८७५ | १,३३०,६५३ | १,४४०,३७७ | १,५५१,५३२ | १,६६४,१०८ | १,७८०,५५६ | २९४,६६९ |
| अल्पकालमा प्राप्त गर्न सकिने रकम | १८२,८१० | २०३,९९० | २३०,५९९ | २५७,५३६ | २८४,९८२ | ३२२,४९५ | ३५५,०७८ | ३८७,७५८ | ४२०,६९३ | २,०२८,५१३ |
| स्थिर आय हुन् क्षेत्र (मुद्दति निक्षेप वा ऋणपत्रमा लगानी) | १०९,४२५ | १२०,१८३ | १३१,६२४ | १४३,६३२ | १५६,५४७ | १६९,४५६ | १८२,५३३ | १९५,७७७ | २०९,४७७ | २५६,२३४ |
| अन्य चालु सम्पत्ति | २,०७० | २,२६५ | २,४८८ | २,७२५ | २,९७३ | ३,२४१ | ३,५०८ | ३,७७८ | ४,०५३ | ४,३३६ |
| **जम्मा सम्पत्ति** | **१,२२४,४२२** | **१,३४७,९९०** | **१,४८३,५१७** | **१,६२४,७६७** | **१,७७५,१५६** | **१,९३५,५६८** | **२,०९२,६५१** | **२,२५१,४२२** | **२,४१४,७७९** | **२,५८३,७५२** |
| **दायित्व** | | | | | | | | | | |
| इकाई पूँजी | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० |
| जगेडा तथा कोष | ९४,२५५ | २०१,८२७ | ३१६,२४२ | ४३६,३२३ | ५६५,४७४ | ६९४,५६१ | ८२५,३३२ | ९५७,७७४ | १,०९४,७७२ | १,५६२,३३८ |
| चालु दायित्व | १०,१६८ | ११,१६४ | १२,२७५ | १३,४४४ | १४,६८२ | १६,००७ | १७,३१९ | १८,६४८ | २०,००७ | २१,४१४ |
| लाभांश तिर्नुपर्ने | १२०,००० | १३५,००० | १५५,००० | १७५,००० | १९५,००० | २२५,००० | २५०,००० | २७५,००० | ३००,००० | |
| **जम्मा दायित्व** | **१,२२४,४२२** | **१,३४७,९९०** | **१,४८३,५१७** | **१,६२४,७६७** | **१,७७५,१५६** | **१,९३५,५६८** | **२,०९२,६५१** | **२,२५१,४२२** | **२,४१४,७७९** | **२,५८३,७५२** |

### ख. नाफा नोक्सान हिसाब

*रकम रु. हजार मा*

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **आम्दानी** | | | | | | | | | | |
| व्याज आम्दानी ( अल्पकालमा प्राप्त गर्न सकिने निक्षेपबाट प्राप्त व्याज बाहेकको) | ७,५०० | ८,२०७ | १०,८१६ | ११,८४६ | १२,९२७ | १४,८७२ | १६,०९८ | १७,३४१ | १८,५९९ | १९,९०० |
| नगद लाभांश | २७,००० | २९,५४५ | ३२,४४९ | ३५,५३९ | ४०,९३५ | ४४,६१६ | ४५,७५३ | ४६,५४६ | ४९,९२३ | ५३,४१७ |
| धितोपत्र खरिद बिकी गर्दा हुने नाफा / (नोक्सान) | २०७,००० | २२६,५११ | २४८,७७८ | २७२,४६२ | २९७,३१९ | ३२४,०५३ | ३५०,७७४ | ३७७,८४४ | ४०५,२५९ | ४३३,६१८ |
| व्याज आम्दानी ( अल्पकालमा प्राप्त गर्न सकिने निक्षेपमा) | ५०० | १,०९४ | २,४०४ | २,६३२ | २,८७३ | ३,१३१ | ३,३८९ | ३,६५१ | ३,९१६ | ४,१९० |
| **जम्मा आम्दानी (** | **२४२,०००** | **२६५,३५७** | **२९४,४४८** | **३२२,४७९** | **३५४,०५४** | **३८६,६७२** | **४१६,०१५** | **४४५,३८१** | **४७७,६९७** | **५११,१२४** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क)** | | | | | | | | | | |
| **खर्च** | | | | | | | | | | |
| कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क | १८,९९२ | २०,८५२ | २२,९२७ | २५,११० | २७,४२० | २९,८९२ | ३२,३३५ | ३४,८०७ | ३७,३३३ | ३९,९४५ |
| सुपरिवेक्षक शुल्क | १,११७ | १,२२७ | १,३४९ | १,४७७ | १,६१३ | १,७५८ | १,९०२ | २,०४७ | २,१९६ | २,३५० |
| लेखापरिक्षक शुल्क | ११३ | १२४ | १३७ | १५० | १६५ | १८२ | २०० | २२० | २४२ | २६६ |
| कानुनी परामर्श शुल्क | ११३ | ११९ | १२५ | १३१ | १३७ | १४४ | १५१ | १५९ | १६७ | १७५ |
| योजना सूचिकरण शुल्क | १५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| अभौतिकरण शुल्क | ९७५ | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| योजना दर्ता शुल्क | १,००० | | | | | | | | | |
| सुचना तथा विज्ञापन खर्च | २,५०० | | | | | | | | | |
| निष्काशन तथा बिकी प्रबन्ध शुल्क | २,५०० | | | | | | | | | |
| *अन्य खर्चहरु* | २८५ | ३१४ | ३४५ | ३७९ | ४१७ | ४५९ | ५०५ | ५५५ | ६११ | ६७२ |
| **जम्मा खर्च (ख)** | **२७,७४५** | **२२,७८५** | **२५,०३२** | **२७,३९८** | **२९,९०३** | **३२,५८५** | **३५,२४४** | **३७,९३९** | **४०,६९९** | **४३,५५८** |
| **खुद मुनाफा/(नोक्सान) ग=(क--ख)** | २१४,२५५ | २४२,५७२ | २६९,४१५ | २९५,०८१ | ३२४,१५१ | ३५४,०८७ | ३८०,७७१ | ४०७,४४२ | ४३६,९९८ | ४६७,५६६ |
| आयकर व्यवस्था (घ) | - | - | - | - | - | - | - | - | - | - |
| **नाफा/(नोक्सान) ङ=(ग–घ)** | **२१४,२५५** | **२४२,५७२** | **२६९,४१५** | **२९५,०८१** | **३२४,१५१** | **३५४,०८७** | **३८०,७७१** | **४०७,४४२** | **४३६,९९८** | **४६७,५६६** |
| **नगद लाभांश (च)** | १२०,००० | १३५,००० | १५५,००० | १७५,००० | १९५,००० | २२५,००० | २५०,००० | २७५,००० | ३००,००० | - |
| **सञ्चित मुनाफा/(नोक्सान) छ=(ङ-च)** | **९४,२५५** | **१०७,५७२** | **११४,४१५** | **१२०,०८१** | **१२९,१५१** | **१२९,०८७** | **१३०,७७१** | **१३२,४४२** | **१३६,९९८** | **४६७,५६६** |

## ग. नगद प्रवाहको विवरण

*रकम रु. हजार मा*

| | विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क** | **कारोवार सञ्चालनवाट नगद प्रवाह** | | | | | | | | | | |
| १ | नगद प्राप्ति | २३९,९३० | २६५,१६२ | २९४,२२५ | ३२२,२४२ | ३५३,८०५ | ३८६,४०५ | ४१५,७४८ | ४४५,११० | ४७७,४२३ | ५१०,८४१ |
| २ | नगद भुक्तानी | (१७,५७८) | (२१,७८९) | (२३,९२१) | (२६,२२९) | (२८,६६५) | (३१,२६०) | (३३,९३२) | (३६,६१०) | (३९,३४०) | (४२,१५१) |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | | | | | | | | | | |
| १ | सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी / (बृद्धि) | | | | | | | | | | |
| २ | सञ्चालन सम्वन्धि चालु दायीत्वमा (कमी) / बृद्धि | | | | | | | | | | |
| **कारोवार सञ्चालनवाट कुल नगद प्रवाह (१)** | | २२२,३५२ | २४३,३७३ | २७०,३०४ | २९६,०१४ | ३२५,१४० | ३५५,१४५ | ३८१,८१६ | ४०८,५०० | ४३८,०८३ | ४६८,६९० |
| **ख** | **लगानी कारोवारवाट नगद प्रवाह** | | | | | | | | | | |
| १ | धितोपत्र लगानीमा कमी/(बृद्धि) | (९३०,११७ | (९१,४३६ | (९७,२५३ | (१०२,०६९ | (१०९,७७८ | (१०९,७२४ | (१११,१५५ | (११२,५७६ | (११६,४४८ | १,४८५,८८७ |
| २ | अन्य लगानीमा कमी/(बृद्धि) | (१०९,४२५) | (१०,७५७) | (११,४४२) | (१२,००८) | (१२,९१५) | (१२,९०९) | (१३,०७७) | (१३,२४४) | (१३,७००) | (४६,७५७) |
| **लगानी कारोवारवाट कुल नगद प्रवाह (२)** | | **(१,०३९,५४२** | **(१०२,१९३** | **(१०८,६९४** | **(११४,०७७** | **(१२२,६९४** | **(१२२,६३२** | **(१२४,२३३** | **(१२५,८२०** | **(१३०,१४८** | **१,४३९,१३१** |
| **ग** | **वित्तीय श्रोत कारोवारवाट नगद प्रवाह** | | | | | | | | | | |
| १ | युनिट पुँजीमा ( | १,०००,००० | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कमी)/बृद्धि | | | | | | | | | | |
| २ | नगद लाभांश | | (१२०,०००) | (१३५,०००) | (१५५,०००) | (१७५,०००) | (१९५,०००) | (२२५,०००) | (२५०,०००) | (२७५,०००) | (३००,०००) |
| **वित्तीय श्रोत कारोवारवाट कुल नगद प्रवाह (३)** | | **१,०००,०००** | **(१२०,०००)** | **(१३५,०००)** | **(१५५,०००)** | **(१७५,०००)** | **(१९५,०००)** | **(२२५,०००)** | **(२५०,०००)** | **(२७५,०००)** | **(३००,०००)** |
| **यस वर्षको सम्पुर्ण गतिविधिवाट नगद प्रवाह (१+२+३)** | | **१८२,८१०** | **२१,१७९** | **२६,६०९** | **२६,९३७** | **२७,४४७** | **३७,५१२** | **३२,५८३** | **३२,६८०** | **३२,९३५** | **१,६०७,८२०** |
| **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | | | **१८२,८१०** | **२०३,९९०** | **२३०,५९९** | **२५७,५३६** | **२८४,९८२** | **३२२,४९५** | **३५५,०७८** | **३८७,७५८** | **४२०,६९३** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | | **१८२,८१०** | **२०३,९९०** | **२३०,५९९** | **२५७,५३६** | **२८४,९८२** | **३२२,४९५** | **३५५,०७८** | **३८७,७५८** | **४२०,६९३** | **२,०२८,५१३** |

## घ. प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी

*रकम रु. हजार मा*

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **आम्दानी** | | | | | | | | | | |
| व्याज आम्दानी (कुल निक्षेपबाट प्राप्त व्याज बाहेकको) | ७,५०० | ८,२०७ | १०,८१६ | ११,८४६ | १२,९२७ | १४,८७२ | १६,०९८ | १७,३४१ | १८,५९९ | १९,९०० |
| नगद लाभांश | २७,००० | २९,५४५ | ३२,४४९ | ३५,५३९ | ४०,९३५ | ४४,६१६ | ४५,७५३ | ४६,५४६ | ४९,९२३ | ५३,४१७ |
| धितोपत्र खरिद बिक्री गर्दा हुने नाफा/(नोक्सान) | २०७,००० | २२६,५११ | २४८,७७८ | २७२,४६२ | २९७,३१९ | ३२४,०५३ | ३५०,७७४ | ३७७,८४४ | ४०५,२५९ | ४३३,६१८ |
| व्याज आम्दानी (कुल निक्षेपमा) | ५०० | १,०९४ | २,४०४ | २,६३२ | २,८७३ | ३,१३१ | ३,३८९ | ३,६५१ | ३,९१६ | ४,१९० |
| **जम्मा आम्दानी (क)** | **२४२,०००** | **२६५,३५७** | **२९४,४४८** | **३२२,४७९** | **३५४,०५४** | **३८६,६७२** | **४१६,०१५** | **४४५,३८१** | **४७७,६९७** | **५११,१२४** |
| **खर्च** | | | | | | | | | | |
| लेखापरिक्षक शुल्क | ११३ | १२४ | १३७ | १५० | १६५ | १८२ | २०० | २२० | २४२ | २६६ |
| सुचिकरण शुल्क (०.०७५%) | १५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| योजना दर्ता शुल्क | १,००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सुचना तथा विज्ञापन | २८५ | ३१४ | ३४५ | ३७९ | ४१७ | ४५९ | ५०५ | ५५५ | ६११ | ६७२ |
| निष्काशन शुल्क | ५,००० | | | | | | | | | |
| **जम्मा खर्च (ख)** | **६,५४८** | **४८८** | **५३२** | **५८०** | **६३३** | **६९१** | **७५५** | **८२६** | **९०३** | **९८८** |
| **संचालन मुनाफा/(नोक्सान) ग= (क-ख)** | **२३५,४५२** | **२६४,८६९** | **२९३,९१६** | **३२१,९००** | **३५३,४२१** | **३८५,९८१** | **४१५,२६०** | **४४४,५५५** | **४७६,७९४** | **५१०,१३६** |
| कोष व्यवस्थापन शुल्क | १६,७५८ | १८,३९९ | २०,२३० | २२,१५६ | २४,१९४ | २६,३७५ | २८,५३१ | ३०,७१२ | ३२,९४१ | ३५,२४६ |
| डिपोजिटरी शुल्क | २,२३४ | २,४५३ | २,६९७ | २,९५४ | ३,२२६ | ३,५१७ | ३,८०४ | ४,०९५ | ४,३९२ | ४,६९९ |
| सुपरिवेक्षक शुल्क | १,११७ | १,२२७ | १,३४९ | १,४७७ | १,६१३ | १,७५८ | १,९०२ | २,०४७ | २,१९६ | २,३५० |
| **कुल शुल्क (घ)** | **२०,१०९** | **२२,०७८** | **२४,२७६** | **२६,५८७** | **२९,०३२** | **३१,६५०** | **३४,२३७** | **३६,८५५** | **३९,५२९** | **४२,२९५** |
| **नगद लाभांश वितरण (ङ)** | १२०,००० | १३५,००० | १५५,००० | १७५,००० | १९५,००० | २२५,००० | २५०,००० | २७५,००० | ३००,००० | |
| **सञ्चित मुनाफा/(नोक्सान) (च = ग-घ-ङ)** | **९५,३४३** | **१०७,७९१** | **११४,६४०** | **१२०,३१२** | **१२९,३८८** | **१२९,३३१** | **१३१,०२२** | **१३२,७०१** | **१३७,२६५** | **४६७,८४१** |
| खुद सम्पत्ति मूल्य | १,०९५,३४३ | १,२०३,१३३ | १,३१७,७७३ | १,४३८,०८५ | १,५६७,४७४ | १,६९६,८०५ | १,८२७,८२७ | १,९६०,५२८ | २,०९७,७९३ | २,५६५,६३४ |
| कुल इकाई संख्या (छ) | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० |
| **प्रति इकाई खुद सम्पत्ति मुल्य (च/छ)** | १०।९५ | १२।०३ | १३।१८ | १४।३८ | १५।६७ | १६।९७ | १८।२८ | १९।६१ | २०।९८ | २५।६६ |

## ङ . वित्तीय प्रक्षेपणका आधारहरु :

### १. योजनाको सम्पत्तिको बाँडफाँड

| | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. स्थिर आय हुने क्षेत्र ( निम्न (क) र (ख) को कुल अधिकतम सिमा) | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% |
| (क) मुद्दती निक्षेप ( अधिकतम सिमा) | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% |
| (ख) ऋणपत्र (अधिकतम | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% | १0% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सिमा) | | | | | | | | | | |
| २. साधारण शेयर | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% |
| ३. प्राथमिक शेयरमा लगानी गर्न छुट्याइएको रकम | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने कम | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% |
| **जम्मा** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** |

**यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत बिभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई सामूहिक लगानी कोष नियमावली, २०६७ को अधिनमा रही फेरबदल गर्न सक्नेछ।**

## २. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)

| | | |
|---|---|---|
| - योजना दर्ता शुल्क | : | रु १० लाख |
| - निष्काशन तथा विक्री प्रबन्धक शुल्क | : | निष्काशन आकारको ०.२५% |
| - ब्रोकर शुल्क | : | कारोबार गरिने धितोपत्र मुल्यको ०.२७ % देखी ०.४% सम्म । नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार । |
| - लेखापरीक्षण शुल्क | : | पहिलो वर्ष रु.१ लाख (मुल्य अभिबृद्धि कर बाहेक), प्रत्येक वर्षमा १०% ले वृद्धि । |
| - नियमित सूचना प्रकाशन शुल्क | : | प्रत्येक वर्ष रू. २,८०,००० देखि ६,७५,००० लाख सम्म । |
| - कानुनी परामर्श शुल्क | : | पहिलो वर्ष रु.१ लाख (मुल्य अभिबृद्धि कर बाहेक), प्रत्येक वर्षमा ५% ले वृद्धि । |
| - नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण शुल्क | : | सूचीकरण गर्नेबेला हाल कुल योजनाको ०.०७५% र वार्षिक नविकरण शूल्क हाल रु. ५०,००० रहेको । नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार । |
| - सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण शुल्क | : | सूचीकरण गर्नेबेला हाल कुल योजनाको ०.०१५% र वार्षिक नविकरण शूल्क हाल रु. १,००,००० रहेको । नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार |

## ३. प्रक्षेपित प्रतिफल

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. स्थिर आम्दानी उपकरणहरु ऋणपत्र, बण्ड, मुद्दती लगानीमा * | ७.५% | ७.५% | ९% | ९% | ९% | ९.५% | ९.५% | ९.५% | ९.५% | ९.५% |
| २. शेयर नगद लाभांश | | | | | | | | | | |
| २ (क). नगद लाभांश (Trading & Capital Gain Stock) | ३% | ३% | ३% | ३% | ३% | ३% | ३% | ३% | ३% | ३% |
| २ (ख). नगद लाभांश (Dividend Yield Stock) | ६% | ६% | ६% | ६% | ७% | ७% | ६% | ५% | ५% | ५% |
| ३. व्याज आम्दानीः माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | १% | २% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% |
| ४. आर्जित पूँजीगत नाफा/(नोक्सान) | १५.४०% | १५.८०% | १६.४०% | १६.८०% | १७.१०% | १७.९०% | १८.२०% | १८.५०% | १८.८०% | |
| ५.सञ्चित आर्जित हुन वाँकी पूँजीगत नाफा/(नोक्सान) | ७.६०% | ७.९०% | ७.६७% | ७.३८% | ७.२८% | ६.७२% | ६.३२% | ५.९७% | ५.७७% | |

* स्थिर आय हुने क्षेत्रमा मुद्दती निक्षेप र ऋणपत्रको ब्याजदर समावेश गरिएको र हालको बजार अवस्था अनुरुप मुद्दती निक्षेप र ऋणपत्रको ब्याजदरमा खासै भिन्नता नरहेको ।

माथि उल्लेखित प्रक्षेपित विवरणहरु योजना व्यवस्थापक कम्पनी श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपूरेश्वर, काठमाण्डौले तयार गरेको हो । सोको पुनरावलोकन तथा प्रमाणिकरण जि एस एन एसोसिएट्स चार्टड एकाउण्टेण्टका एफ.सि.ए. श्री शंकर गौतम ज्यूले गर्नु भएको हो ।

**प्रक्षेपणका आधारहरु :**

१. उल्लेखित लगानीको प्रतिशत सामूहिक लगानी कोष नियमावली तथा निर्देशिकमा तोकिए अनुसार उल्लेख गरिएको छ ।
२. योजनाद्वारा दीर्घकालीन रुपमा लगानी गरिएको शेयरमा सरदरमा वार्षिक १६ प्रतिशतका दरले पूँजी बृद्धि हुने अनुमान रहेको छ । उक्त प्रक्षेपित पूँजी बृद्धि विगत १० वर्षको नेप्से परिसूचकमा भएको औसत वार्षिक बृद्धिदर तथा भविष्यमा अनुमानित बृद्धिदरका आधारमा गरिएको हो ।
३. दोश्रो बजारमा लगानी गर्दा कारोवार प्रयोजन दीर्घकालिन लाभ प्रयोजन र लाभांश प्राप्त गर्ने प्रयोजन गरी तीन प्रयोजनको लागि लगानी गरिने छ । यसरी गरिएको लगानीमा क्रमश : २४ प्रतिशत, १५ प्रतिशत तथा १० प्रतिशत पूँजी बृद्धि हुने अनुमान गरिएको छ ।

४. शेयरको सार्वजनिक निष्काशन तथा हकप्रद शेयरमा गरिएको लगानी औसतमा कुल लगानीको ७५ प्रतिशत पूँजी बृद्धि हुने अपेक्षा गरिएको छ ।

५. स्थिर आम्दानी हुने उपकरणहरु ऋणपत्र, बण्ड, मुद्दती लगानीमा शुरुको दुई वर्ष वार्षिक ७.५ प्रतिशत, त्यस पश्चातको तीन वर्ष वार्षिक ९ प्रतिशत र सो पश्चात ९.५ प्रतिशत प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ ।

६. दैनिक रुपमा कारोवार हुने बैंक खाता मार्फत शुरुको वर्ष वार्षिक १ प्रतिशत, त्यस पश्चातको वर्ष वार्षिक २ प्रतिशत र सो पश्चात ४ प्रतिशत व्यादर प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

७. दोश्रो बजारमा गरिएको लगानीबाट विगतको ऐतिहासिक लाभांश दर हेर्दा Trading & Capital Gain Stock मा औसत ३ प्रतिशत र Dividend Yield Stock मा औसत ७ प्रतिशत नगद लाभांश हुने देखिएकोले सोही वमोजिम प्रक्षेपण गरिएको छ ।

४. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने

- चालु सम्पत्ति : माग तथा अल्प सूचनामा प्राप्त हुने ब्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको स्थिर लगानीमा प्राप्त व्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको व्याज आम्दानी तथा शेयर दलाल बाट प्राप्त हुन बाँकी भुक्तानी ।
- चालु दायित्व : सन्ड्री क्रेडिटर्स, योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, कानुनी शुल्क तथा दलाली शुल्क त्रैमासिक रुपमा भुक्तानी गरिने ।

५. कर सम्बन्धी व्यवस्था :

कर दायित्व गणना नगरिएको ।

**माथि उल्लेखित विवरण वित्तीय प्रक्षेपण तथा सो का आधारहरु सामुहिक लगानी कोष नियमावली, २०६७ को निमय ३६ को उपनियम १ र २ को लगानी क्षेत्र भित्र रहेको छ ।**

## ८.५ योजनाको खर्चसम्बन्धी विवरण :

योजनाको खर्चसम्बन्धी विवरण देहायअनुसार रहेको छ :

**(क) योजना निष्काशनका लागि गरिने खर्च**

नियमावलीको व्यवस्था बमोजिम बोर्डमा योजना दर्ता गर्दा लाग्ने शुल्के, सूचना प्रकाशन,इकाईको बाँडफाँट, योजनाको प्रचार प्रसार तथा निष्काशनसंग आवद्ध अन्य खर्च ।

**निष्कासन सम्बन्धी अन्य शूल्क सम्बन्धी विवरण :**

| क्र.सं | शूल्क सम्बन्धी विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | योजना दर्ता शुल्क | योजना रकमको ०.०७५ प्रतिशत वा न्युनतम १० लाख | |
| २ | निष्काशन तथा विकी प्रबन्धक शुल्क (०.२५%) | २५,००,००० | |
| ३ | इकाईको बाँडफाँट, सुचना तथा विज्ञापन खर्च | २५,००,००० | एफ एम रेडियो, सामाजिक सञ्जाल, अनलाइन पत्रिका तथा पत्र पत्रिका |

**(ख) योजनाको नियमित खर्च**

१. लगानी व्यवस्थापन शुल्क : योजनाको वर्षान्तमा कायम खुद सम्पत्ति मूल्यको १.५ प्रतिशत (सो को गणना विधि नेपाल धितोपत्र बोर्डले तोके वमोजिम हुनेछ । )
२. कोष सुपरिवेक्षक शुल्क : नियमावलीको नियम २३ को उप नियम (२) को अधिनमा रही वर्षान्तमा कायम हुने खुद सम्पत्ति मूल्यको ०.१० प्रतिशत ।
३. डिपोजिटरी शुल्क : योजनाको वर्षान्तमा कायम हुने खुद सम्पत्ति मूल्यको ०.२ प्रतिशत ।
४. सूचीकरण तथा नवीकरण शुल्क : नेपाल स्टक एक्सचेन्ज लि. ले तोके वमोजिम ।
५. लेखापरीक्षण, प्रचलित कानुन बमोजिमको सूचना प्रकाशन, कानुनी खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन (वास्तविक आधारमा) ।
६. केन्द्रिय निक्षेप सम्बन्धी शुल्क : CDS and Clearing Limited ले समय समयमा तोके बमोजिम ।
७. क्रेडिट रेटिङको खर्च : ICRA NEPAL ले तोके बमोजिम ।

८. निष्काशन तथा विक्री प्रबन्धक शुल्क : निष्काशन रकमको ०.२५ प्रतिशत तथा अन्य निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी शुल्क ।

बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ ।

**८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

**८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था :**

नेपाल सरकारले जारी गरेको आर्थिक अध्यादेश, २०७८ वमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामूहिक लगानी कोषले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकममा कर छुट प्रदान गरेको छ । साथै योजनाले प्रतिफल वितरण गर्दा पाँच प्रतिशतका दरले अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने र करकट्टी गरेको रकम अन्तिम रुपमा करकट्टी हुने भुक्तानी मानिने व्यवस्था रहेको छ ।

**८.८ योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया :**

योजनाको अवधि समाप्त भए पश्चात योजनाको सम्पत्ति विक्री गरी इकाईधनीहरुलाई समानुपातिक ढंगले वितरण गरिनेछ । यसका लागि सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तीन महिना भित्र योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्तिहरु तीन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियम ३३ को ब्यवस्था भएबमोजिम नेपाल धितोपत्र बोर्डले थप तिन महिनाको म्याद थप गरिदिन सक्नेछ । तथापि बजारमा सोही प्रकृतिका अन्य सामूहिक लगानी योजनाहरु समेत संचालनमा रहेको आवस्थामा यस लिमिटेडले संचालन गरेको सामूहिक लगानी योजनाहरुलाई Redeem गर्ने समयमा पूँजी बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्येनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा कम्तीमा १ बर्ष अगाडि देखि नै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरी सो बाट प्राप्त रकमलाई मुद्धति निक्षेपमा राख्दै जाने योजना रहेको छ ।

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन । इकाईधनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको व्यवस्था पनि गर्न सकिनेछ ।

**८.९ खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था :**

**(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :**

प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\text{प्रति इकाई खुद सम्पत्ती मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या}}$$

**(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :**

योजनाका इकाईहरु बाँडफाँट भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ती मूल्य योजना व्यवस्थापकको वेबसाईट www.megacapitalmarkets.com मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेबसाईटमा राखी तथा राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

**८.१० योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

**(क) सामान्य जोखिम तत्वहरु :**

**(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**

सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

**(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :**
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

**(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा** :
योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ ।
योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

**(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिंदैन ।

**(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सु-व्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

**(ख) खास जोखिम तत्वहरु :**

**(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बीमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

**(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :**
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्नेहुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरिद विक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समयमा निर्भर हुन्छ । ढिलोगरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरिद विक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse Relation) हुने हुँदा सो को असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

**(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**
ICRA Nepal ले गरेको रेटिङ्ग सम्बन्धि कार्य यस योजनाको लागि नभई कोष प्रवर्द्धक र योजना व्यवस्थापकको लागि भएकाले सो रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

**(४) ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**
योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

**(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**

योजना अन्तर्गतका इकाईहरु विक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी विक्री खुल्ला गर्ने, विक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नविकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

**(६) इक्विटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**

योजनाले इक्विटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हुन्छन् ।

**(७) ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्नेकुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**

योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

**(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति विक्री गर्न योग्य वा सहज छ त्यति नै तरलता आउने बारे उल्लेख गर्ने :**

योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

**(९) ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फुर्ती भएमा आदि बारे :**

व्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतार चढावको असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

**(१०) पुनलगानी जोखिम यथावत रहने कारणमा व्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनलगानीमा प्रयोग हुने हुँदा पुनलगानी जोखिम बारे खुलाउने :**

ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

**(११) योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**

योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यि धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

**(१२) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**

योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

**(१३) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तन बाट हुने जोखिम बारे उल्लेख गर्ने :**

योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

**(१४)योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सो को बोनश नपाउने बारे :**

योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

**(१५) कोभिड १९ बाट लगानीमा र प्रतिफलमा पर्न सक्ने असर बारे :**

कोभिड १९ को प्रकोपले समग्र राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्रमा ठूलो प्रभाव पारेकोले यसले लगानी गर्ने वातारणमा अन्यौलता सृजना गरेको छ । विभिन्न चरणमा नेपाल सरकारले लागु गरेको निषेध आदेशले हिँडडुलमा समेत प्रभाव परे पनि धितोपत्र बजार प्रविधि मैत्री भई खुल्ला रहेकोले सहज ढँगले कारोबार भएकोले लगानीको तरलताले प्रतिफलमा पर्ने प्रभावमा असर नपर्ने देखिएको छ । कोभिड १९ को प्रकोपले पारेको असरलाई दृष्टिगत गरी नेपाल सरकारले, नेपाल राष्ट्र बैंक तथा अन्य नियामनकारी निकायले असर परेको क्षेत्रलाई प्रदान गरेको छुट तथा सुविधाले उक्त क्षेत्रहरुको उत्थान गर्न तथा लगानी वातावरणलाई सुदृढ पार्न सहयोग तथा प्रतिफलमा टेवा पुग्ने देखिन्छ ।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपायहरु जस्तै लगानीको आन्तरिक सीमा तोक्ने कार्य, दैनिक रुपमा लगानी गरिएका कम्पनी तथा धितोपत्रहरुको बिश्लेषण गर्ने कार्य, कर्मचारीको अधिकारहरुको बर्गिकरण र तथा सम्पत्ति व्यवस्थापन कम्पनीका कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता तर्जुमा गरी लागु गरिएको, उच्च व्यवस्थापन सहितको संचालकहरुको लगानी तथा जोखिम व्यवस्थापन समितिको व्यवस्था साथै सो समितिको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने व्यवस्थाको अवलम्बन गरिनेछ ।

(२) सबल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका लागि छुट्टै अनुसन्धान बिभाग खडा गरिएको छ र सो बिभागबाट दैनिक, साप्ताहिक, मासिक रुपमा प्राप्त सल्लाह सुझावको आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिएको छ ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।

(४) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको रहेको छ जसमा आधारभूत बिश्लेषण प्रतिवेदन **(Fundamental Analysis Report)** र प्राविधिक विश्लेषण प्रतिवेदन **(Technical Analysis Report)** तयार गर्नको लागि व्यावसायिक विश्लेषकको व्यवस्था गरिएको छ ।

(५) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।

(६) लगानीमा जोखिम न्यूनिकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई दृष्टिगत गरी कम जोखिम तर राम्रो प्रतिफल हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र नियमावली तथा निर्देशिका तथा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको अधिनमा रही विविधीकरणको प्रक्रिया अबलम्बन गरिएको छ ।

(७) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।

(८) लगानी तथा जोखिम व्यवस्थापनका लागि सफ्टवेयरको उपयोग गरिएको छ जसमा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको लगानी सम्बन्धी विवरण राखिएको छ । साथै अनुसन्धान विभाग बाट प्राप्त लगानीको सिफारिसलाई Scheme Manager ले लगानीका लागि उठाएको लगानी टिप्पणी लगानी समितिबाट सिफारिस गरी कार्यकारी प्रमुखको स्वीकृति लिएर डिलरको माध्यमबाट कारोबारको व्यवस्था गरिएको छ ।

(९) जोखिम व्यवस्थापन गर्न संस्थाले निम्न वमोजिमको आन्तिरिक कार्य प्रणाली विकास गरेको छ ।

(क) सम्पूर्ण कार्य गर्ने एकाधिकार एकै जना कर्मचारीमा निहित हुने छैन र सम्पूर्ण कारोवार तथा कार्यमा तयार गर्ने र जाँच गर्ने प्रणाली लागु गरिने छ ।

(ख) लगानी सम्बन्धी निर्णयहरु Scheme Manager तह, लगानी समितिको तह तथा कार्यकारी प्रमुखको तह गरी तीन तहमा विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिने छ ।

(ग) लगानी गरिने क्षेत्र तथा लगानी सीमा प्रत्येक महिनाको सुरुमा तय गरी उक्त सीमा सफ्टवेयरमा प्रविष्ट गरी राखिने छ र उक्त सीमा भन्दा बाहिरको वा बढी लगानीको कारोवार उक्त सफ्टवेयरले अस्वीकार गर्ने छ ।

(घ) सामुहिक लगानी कोषको सम्पूर्ण कार्यको स्वतन्त्र तवरले आन्तरीक लेखापरीक्षेण गरी उक्त प्रतिवेदन अन्तरिक लेखापरीक्षण समिति समक्ष पेश गरिने छ  र प्राप्त सुझाव, केहि भए, उक्त सुझावलाई अवलम्व गरिनेछ ।

**९. इकाई निष्काशनसम्बन्धी विवरण :**

**९.१ इकाई विकी खुल्ला गरिने मिति तथा अवधि :**

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मितिले दुई महिना भित्र इकाईहरुको विकी खुल्ला गरिनेछ । यस विवरणपत्र मार्फत निष्काशन गरिने इकाईहरुको लागि आवेदन दिन पाउने अवधि विकी खुल्ला भएको मिति बाट कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हनेछ । तर विवरण पुस्तिकामा गरिएको व्यवस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन ।

## ९.२ निवेदन संकलन केन्द्र (विक्री केन्द्र) सम्बन्धी जानकारी :

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ अनुसार नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र देशभरीका तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

## ९.३ निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु :

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र(परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।

## ९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या :

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० गुणांकमा अधिकतम १,००,००,००० (एक करोड) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

## ९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण इकाई विक्रीका लागि निवेदन प्राप्त भएमा विक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा विक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई विक्री बन्द गर्न सक्नेछ ।

(२) विक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ ।

(३) यस विवरण पुस्तिका अनुसार इकाई विक्री खुल्ला अवधिसम्म पनि आव्हान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।

(४) इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सीमा सम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।

(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

(६) योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रो वजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

## ९.६ निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. इकाईवालाले आफुले खरिद गरेको योजनाको इकाई प्राप्त गर्ने, योजनाको कार्य प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजनासम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन ।

२. योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।

३. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।

४. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई ASBA सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।

(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।

(ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने ।

(ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सही/स्पष्ट उल्लेख गरिनुपर्ने ।

(घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।

(ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आश्वा सदस्य बैंक तथा वित्तीय संस्था) संग अनिवार्य लिनुपर्ने ।

(च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।

(छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

(ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको इकाई बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन ।

६. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरिद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड इकाईसम्म खरिद गर्न सकिनेछ । आवेदन फारमसाथ आवेदन वापतको शत् प्रतिशत रकम भुक्तानी गर्नुपर्ने छ ।

७. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तीयसंस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट आस्वा (ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागि बैंकहरुले रु. ५,००,०००/– वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरी आर्जन नगरेको भनि उद्‌घोषण गरेको यकिन गर्नुपर्नेछ ।

८. इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवदेन बुझाउनुपर्नेछ । यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्र बाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।

९. लगानीकर्ताले इकाईमा लगानी गर्नु अघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ ।

**१० इकाई धनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकारः**

(क) आफुले खरिद गरेको योजनाको इकाई अभौतिक रुपमा प्राप्त हुनेछ ।

(ख) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्था वारे जानकारी प्राप्त गर्ने ।

(ग) योजनाले वितरण गरेको लाभांश इकाई धनीहरुको बैंक खातामा प्राप्त गर्ने ।

(घ) योजना अन्तर्गतका आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा विक्री गर्न सकिने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने ।

(ङ) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने ।

(च) योजना संचालनका सम्बन्धमा कुनै गुनासा भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा नेपाल धितोपत्र बोर्डमा गुनासो राखी समाधान गराउने ।

(छ) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमको सावधिक रुपमा जानकारी प्राप्त गर्ने ।

(ज) योजना परिपक्व भएपश्चात योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम इकाईधनीहरुको बैंक खातामा रकम पाउने ।

**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा**

(क) खरिद गरेको योजनाको इकाई आवेदकले उल्लेख गरेको निक्षेप खातामा अभौतिक रुपमा प्रदान गरिनेछ ।

**११ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका अधिकृत श्री गिरीराज पोखरेललाई गुनासो सुन्ने अधिकृतको रुपमा नियुक्त गरिएको छ । गुनासो सुन्ने अधिकृतले प्राप्त गुनासा सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सो को समाधान गरिनेछ ।

**लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :**

फोन नं. ०१ ५३६२७९० E-mail: info@megacapitalmarkets.com

**निष्काशन बैंकहरु :**

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (ASBA) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन ।

## १२. योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) :

*Regd. No.: 176502/074/075*

MEGA
CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
**(100% Subsidiary of Mega Bank Nepal Limited)**

चलानी नं: ६६०/२०७७/०७८

मिति : २०७८/०१/१५

श्री नेपाल धितोपत्र बोर्ड
खुम्लटार, काठमाण्डौ ।

विषय : प्रतिबद्धता पत्र ।

महाशय,

यस मेगा क्यापिटल मार्केट्स लिमिटेडले मेगा म्युचुअल फण्ड अन्तर्गत मेगा म्युचुअल फण्ड - १ को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, २०६३, सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएका हुन् ।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

धन्यवाद ।

MEGA CAPITAL MARKETS LIMITED मेगा क्यापिटल मार्केट्स लिमिटेड

..............................
सवीर वादे श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

Merchant Banker Licensed by Securities Board of Nepal (SEBON)
Saket Complex, Tripureshwor, Kathmandu, Nepal I Phone:- +977-4262772, 4262775 I e-mail: info@megacapitalmarkets.com I www.megacapitalmarkets.com

१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत

| **नाम** | **दस्तखत** |
|---|---|
| श्री ईश्वर बहादुर गुरुङ्ग - अध्यक्ष | |
| श्री तुल्सीराम पोखरेल - संचालक | |
| श्री डिल्लीराम श्रेष्ठ - संचालक | |
| डा. रमेश चन्द्र पौडेल - संचालक | |
| श्री ईश्वरी प्रसाद भट्टराई - संचालक | |

GSN
Chartered Accountants

P.O. BOX- 4716, Kathmandu-29
Anamnagar, Kathmandu, Nepal
Tel: +977 01 5705278
Email: info@gsnnepal.com
Web site : www.gsnnepal.com

**Report on Examination of Prospective Financial Information**

**To the Board of Directors**
**Mega Capital Markets Limited**
**Saket Complex, Kathmandu, Nepal**

We have examined the accompanying forecasted balance sheet and statements of income of **First Mutual Fund Scheme of Mega Mutual Fund, Mega Mutual Fund - 1**, a close-ended Balanced Growth Fund worth Rs. 1,000,000,000/-(100,000,000 units @ Rs. 10 per unit) for the period of 10 years in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information (NSAE 3400), issued by the Institute of Chartered Accountants of Nepal.

The preparation and presentation of the projection including the underlying assumptions, set out in Annexure-I to the prospective financial information, is the responsibility of the Management and has been approved by the Board of Directors of the company. Our responsibility is to examine the evidence supporting the assumptions (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared for the purpose of approval of prospectus from Securities Exchange Board of Nepal (SEBON) under Mutual fund Guidelines, 2069, Rule (6) (1). The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We have carried out our examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion, the accompanying projection is properly prepared on the basis of the assumptions as set out in Annexure-I to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. However, there will usually be differences between the forecasted and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for events and circumstances occurring after the date of this report

G.S.N. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

**FCA. Shankar Gautam**
**G.S.N. Associates,**
**Chartered Accountants**

**UDIN: 210427CA00573uu6PL**
Date: 22nd April, 2021